सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२३ माघ २०८१, बुधवार (5 Feb 2025, Wednesday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक २९० ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

अनुसन्धानमा सत्ताको छाया : प्रतिशोध र हस्तक्षेपका दुई ताजा उदाहरण

■ रविविरुद्ध संगठित मुद्दा नचलाएको भन्दै चितवनका सरकारी वकिलको सरुवा

शान्तिप्रसाद लुइँटेल
जिल्ला न्यायाधिवक्ता, चितवन

• रविविरुद्ध जसरी पनि सहकारी ठगीसँगै संगठित अपराध मुद्दा चलाउन जिल्ला न्यायाधिवक्ता लुइँटेलमाथि केन्द्रको दबाब थियो । तर, रविविरुद्ध त्यो कसुर आकर्षित नहुने निष्कर्षसहित सरकारी वकिल कार्यालयले सहकारी ठगीको कसुरमा मात्र मुद्दा दर्ता गऱ्यो । त्यसपछि आक्रोशित बनेका महान्यायाधिवक्ता रमेश बडालले तुरुन्तै लुइँटेललाई सरुवा गरेर महान्यायाधिवक्ता कार्यालयमा तानेका छन् ।

रमेश बडाल

नवराज मैनाली/नयाँ पत्रिका

सहकारीको रकम अपचलन मुद्दामा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेविरुद्ध पूर्वाग्रहपूर्ण अनुसन्धान र अभियोजन गरिरहेको सरकारले सरकारी वकिलमाथि पनि प्रतिशोध साधेको छ । रविविरुद्ध संगठित अपराधको कसुरमा मुद्दा दर्ता नगरेको भन्दै महान्यायाधिवक्ता कार्यालयले चितवनका जिल्ला न्यायाधिवक्ता शान्तिप्रसाद लुइँटेलको सरुवा गरेको छ । महान्यायाधिवक्ता सरकारका प्रमुख कानुनी सल्लाहकार मानिन्छन् ।

जिल्ला सरकारी वकिल कार्यालयले साहारा चितवन बहुउद्देश्यीय सहकारीको रकम हिनामिनासम्बन्धी मुद्दामा मंगलबार लामिछानेविरुद्ध सहकारी ठगीको कसुरमा मात्रै मुद्दा दर्ता गरेको थियो । त्यसबाट आक्रोशित महान्यायाधिवक्ता रमेश बडालले लुइँटेलको सरुवा गरेका हुन् । उनलाई महान्यायाधिवक्ता कार्यालयमा तानिएको छ । चितवनमा उच्च सरकारी वकिल कार्यालय बुटवलमा कार्यरत रवि न्यौपानेलाई पठाइएको छ ।

स्रोतका अनुसार रविविरुद्ध जसरी पनि सहकारी ठगीसँगै संगठित अपराध

» पृष्ठ २ मा क्रमशः

■ चितवनको साहारा सहकारी मुद्दामा सरकारी वकिल कार्यालयको निष्कर्ष- रविविरुद्ध संगठित अपराध आकर्षित हुने अवस्था देखिएन

साहारा चितवन बहुउद्देश्यीय सहकारीको रकम अपचलनमा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेविरुद्ध संगठित अपराध आकर्षित हुने अवस्था नदेखिएको निष्कर्षसहित जिल्ला सरकारी वकिलको कार्यालयले मंगलबार मुद्दा दायर गरेको छ । सहकारी ठगी कसुरमा मात्रै जिल्ला अदालतमा मुद्दा दर्ता गरिएको छ । रविविरुद्ध यो चौथो मुद्दा हो ।

गोर्खा मिडियाको सञ्चालक भएकै आधारमा संगठित रूपमा सहकारी ठगी गरेको अवस्था नभएको भन्दै रविविरुद्ध संगठित अपराधको मुद्दा नचलाउने निर्णय भएको हो । 'हामीले प्रहरीको अनुसन्धान प्रतिवेदनका आधारमै मुद्दा दायर गरेका हौँ,' मुद्दा दायर गरेपछि मंगलबार दिउँसो जिल्ला सरकारी वकिल कार्यालय चितवनका प्रमुख शान्तिप्रसाद लुइँटेलले नयाँ पत्रिकासँग भनेका थिए, 'उनी (रवि) सरकारीको सदस्य वा सञ्चालक भएको तथा सरकारीको रकम अन्य कम्पनीमा लैजाने कार्यमा संलग्न भएको पनि देखिएन । अन्य तीनजना संलग्न देखिएकाले ठगी र संगठित दुवै मुद्दा चल्यो ।' सहकारीको रकम अपचलनमा प्रत्यक्ष जोडिएका जिबी राई, छविलाल जोशी र कुमार रम्तेलविरुद्ध संगठित अपराधको मुद्दा पनि चलाइएको छ ।

रविसहित १५ विरुद्ध सहकारी रकम अपचलनमा पूरक अभियोगपत्र दर्ता भएको हो । पहिलो चरणमा १७ जनाविरुद्ध मुद्दा दायर भएको थियो । सहकारीबाट पैसा गएका ६ कम्पनीलाई पनि प्रतिवादी बनाइएको छ । ३८ करोड नौ लाख ७९ हजार १७७ रुपैयाँ बिगो कायम गरी मुद्दा दायर गरिएको छ ।

■ कांग्रेस सांसद चौधरी जोडिएको बाँसबारी जग्गामा मुद्दा नचलाउने निर्णय

०४३ मा चौधरी समूहले आफ्नो नाममा ल्याएको बाँसबारी छाला तथा जुत्ता कारखानाको जग्गा

नयाँ पत्रिका

कांग्रेस केन्द्रीय सदस्य तथा सांसद विनोद चौधरी मुछिएको बाँसबारी छाला तथा जुत्ता कारखानाको १० रोपनी जग्गा हिनामिनामा सरकारले मुद्दा नचलाउने निर्णय गरेको छ । प्रहरीदेखि सरकारी वकिल कार्यालयलाई दबाब दिएर सरकारले जग्गा अपचलन गर्ने चौधरी समूहलाई अभियोगबाट उन्मुक्ति दिएको हो ।

महान्यायाधिवक्ता कार्यालयले केही दिनअघि गरेको मुद्दा नचलाउने निर्णयमा महान्यायाधिवक्ता रमेश बडालले हस्ताक्षर गरेका छन् । महान्यायाधिवक्ता कार्यालयका प्रवक्ता सूर्यराज दाहालले जग्गा फिर्ता भइसकेको र जग्गाधनीले अदालतमा दायर गरेको मुद्दा पनि फिर्ता लिइसकेकाले मुद्दा चलाउनु नपर्ने निर्णय भएको बताए ।

तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को पालामा उक्त जग्गा सरकारको नाममा फिर्ता ल्याउने निर्णय भएपछि सिजी चाँदबाग रेसिडेन्सी प्रालिले त्यसविरुद्ध अदालतमा मुद्दा दायर गरेको थियो । तर, गत महिना प्रालिले उक्त मुद्दा फिर्ता लिएको थियो । मुद्दा नचलाउने 'डिल' गराएर मुद्दा फिर्ता लिइएको स्रोत बताउँछ ।

» पृष्ठ २ मा क्रमशः

■ उपप्रधानमन्त्री प्रकाशमान सिंहकी दिदी मुख्य आरोपी रहेको बाल संगठनको जग्गा लिज हिनामिना मुद्दा पनि डिसमिस गरिँदै

३३ वर्षसम्म एकछत्र अध्यक्ष भएर संगठन चलाउने क्रममा रिता सिंह वैद्यले संगठनको नक्सालस्थित २८ रोपनी पाँच आना जग्गा अनियमित तवरले लिजमा लगाएकी थिइन् । उनले ६ पटकसम्म विनाप्रतिस्पर्धा म्याद थपेकी थिइन् । मासिक करोडौं भाडा उठाउन सक्ने जग्गाबाट संगठनले आठ लाख मात्रै पाउँदै आएको छ । उनले निजी स्कुल वृहस्पति विद्या सदनलाई विनाप्रतिस्पर्धा न्यून दररेटमा वि.सं. २१३१ सम्मका लागि लिजमा दिएकी थिइन् । यसै विषयमा जिल्ला अदालतले गत २७ वैशाखमै पक्राउ पुर्जी जारी गरेको थियो । तर, राजनीतिक पहुँचकै आधारमा कारबाही रोकिँदै आएको छ ।

आमाको नाममा नागरिकताको सकस

अग्रलेख

● मेघराज शंकर

आमाको नाममा नागरिकता प्राप्त गर्ने अधिकार सुनिश्चित गर्न कानुन संशोधनसँगै कार्यप्रणाली र सोचमा समेत परिवर्तन आवश्यक छ

(पृष्ठ ४)

टेलिकममा सर्वसाधारणको सेयर २५% पुऱ्याइने

१८ अर्बको कम्पनीमा अहिले सरकारको ९२ प्रतिशत स्वामित्व

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

राज्यबाटै पीडित बनेको अन्तरजातीय जोडी अझै असुरक्षित

गृहमन्त्री रमेश लेखककै दल कांग्रेसको 'दलित समुदाय समन्वय तथा सशक्तीकरण विभाग'ले सरकारसँग माग्यो सत्येन्द्र र नेहाको सुरक्षा, गृहमन्त्री भने महानिरीक्षकलाई 'आवश्यक भए छानबिन गर्न निर्देशन' दिएर पन्छिने प्रयासमा

नयाँ पत्रिका

अन्तरजातीय प्रेमविवाह गरेकै आधारमा राज्यबाटै पीडित बनेका सर्लाहीका सत्येन्द्रकुमार राम (चमार) र नेहा रौनियार अपहरणको धम्कीका कारण भूमिगत बस्न बाध्य छन् । उनीहरूनिकट एक कानुन व्यवसायीका अनुसार सत्येन्द्र र नेहा डरधम्कीकै कारण राष्ट्रिय मानव अधिकार आयोगले बोलाउँदासमेत उपस्थित हुन सकेका छैनन् ।

'सोमबार उनीहरूलाई राष्ट्रिय मानव अधिकार आयोगमा बोलाइएको रहेछ,' ती कानुन व्यवसायीले भने, 'नेहाको माइती पक्षले त्यहाँ गइस् भने अपहरण गरेर बेपत्ता बनाउँछु भनेपछि उनीहरू आयोगमा समेत जान सकेका छैनन् ।'

कपिलवस्तु जिल्ला अदालतमा ३ पुसमै विवाह दर्ता गरिसकेको यो जोडीविरुद्ध सर्लाही जिल्ला

» पृष्ठ २ मा क्रमशः

अन्तरजातीय बिहे गर्ने दलित युवामाथि गृहमन्त्रीकै निर्देशनमा अत्याचार

सत्येन्द्र राम (चमार) र नेहा रौनियारले मन मिलेर प्रेमविवाह गरे, विवाह दर्ता पनि गरिसके, तर छुवाछुत घटनामा अनुसन्धान र कारबाही गर्ने प्रहरी नै नेहाका बुबा सुरेन्द्रको इसारामा उनीहरूलाई छुटाउन सक्रिय

शक्तिको दुरुपयोग गर्दै प्रेमिल जोडी पक्राउ गर्न भारतसम्म पठाइए प्रहरी

नवराज मैनाली/नयाँ पत्रिका

गृह मन्त्रालय भन्छ- मन्त्रीज्यूलाई थाहा थिएन

अन्तरजातीय बिहे गरेका जोडीमाथि राज्य संयन्त्रबाट भएको अत्याचारबारे गृहमन्त्री रमेश लेखकलाई जानकारी नै नभएको र नयाँ पत्रिकाको समाचारले भ्रम छरेको दाबी गृह मन्त्रालयले गरेको छ । तर, मन्त्री र आइजिपीकै निर्देशनमा सत्येन्द्र र नेहालाई पक्राउ गर्न डिएसपी रुगम कुँवर नेतृत्वको प्रहरी टोली भारतसम्म पुगेको स्रोतको भनाइ छ ।

प्रहरी अत्याचारविरुद्ध आन्दोलनको तयारीमा दलित अधिकारकर्मी

अन्तरजातीय बिहे गरेका दलित युवकमाथि प्रहरी प्रशासनबाटै भएको अत्याचारको विरोधमा दलित अधिकारकर्मीले आन्दोलन घोषणा गरेका छन् । 'दलितका लागि दलित अभियान'ले बुधबार माइतीघर मण्डलामा प्रदर्शन गर्दै छ । अभियानका संयोजक खगेन्द्र सुनारले सत्येन्द्रमाथि राज्यबाट चरम अत्याचार भएको र त्यसविरुद्ध प्रदर्शन गरिने बताए । 'यो घटनाले ६० लाख दलित समुदायलाई चोट पुगेको छ, यसमा गृहमन्त्रीमाथि समेत छानबिन हुनुपर्छ,' उनले भने ।

त्यस्तै, गृहमन्त्रीकै दल कांग्रेसको 'दलित समुदाय समन्वय तथा सशक्तीकरण विभाग'ले पनि विज्ञप्ति निकालेर घटनाको निन्दा गरेको छ । विभाग प्रमुख लक्ष्मी परियारले जारी गरेको विज्ञप्तिमा भनिएको छ, '...घटनामा संलग्न जो कोही व्यक्ति, परिवार र निकायलाई कानुनी कारबाहीको दायरामा ल्याई आवश्यक छानबिन गर्न र पीडितलाई उचित क्षतिपूर्तिको समेत व्यवस्थासँगै विवाह गर्ने दम्पतीको जीवन रक्षा गर्न-गराउन नेपाल सरकारसँग जोडदार माग गर्दछौं ।' नेपाल दलित मुक्ति संगठनले पनि सत्येन्द्र र नेहामाथि गृहमन्त्रीकै निर्देशनमा भएको सरकारी ज्यादतीविरुद्ध खेद प्रकट गरेको छ । दोषीलाई कारबाही, पीडितलाई क्षतिपूर्ति र दलितमाथिका आपराधिक घटनाको स्थायी समाधानका लागि विशेष कार्यक्रम ल्याउन संगठनले माग गरेको छ ।

२ वैशाखदेखि भक्तपुरमा बाल अदालत

काठमाडौं/ बालबालिकासम्बन्धी ऐनमा व्यवस्था गरिएको तीन दशकपछि बल्ल बाल अदालत गठन हुने भएको छ । बालबालिका पक्ष रहेका मुद्दाको कामकारबाहीका लागि आगामी २ वैशाखदेखि भक्तपुरमा छुट्टै बाल अदालत गठन हुने भएको हो । यो अदालतले भक्तपुरसँगै काठमाडौं, ललितपुर र काभ्रेका बालबालिकासम्बन्धी मुद्दा हेर्नेछ । हाल जिल्ला अदालतहरूमै बाल इजलास गठन गरी बालबालिकाका मुद्दाहरू हेरिँदै आएको छ । अब यी जिल्ला अदालतका बाल इजलासबाट हेरिने र विचाराधीन मुद्दा नयाँ अदालतमा सर्नेछन् ।

कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले कार्यान्वयन गर्ने गरी सरकारले १५ माघमा बाल अदालत गठनको निर्णय गरेपछि कार्यान्वयनको चरणमा प्रवेश गरेको छ । बाल इजलासबाट हेरिने मुद्दाको प्रादेशिक क्षेत्राधिकार रहने गरी अदालत गठन हुने निर्णयमा उल्लेख छ । सरकारी निर्णय राजपत्रमा प्रकाशित हुन बाँकी छ । न्यायपरिषद्ले ६ मंसिरमा सरकारलाई बाल अदालत गठनका लागि सिफारिस गरेको थियो । हाल कार्यान्वयनमा रहेको बालबालिकासम्बन्धी ऐन आएकै ६ वर्ष नाघिसक्दा पनि बाल अदालत गठन हुन नसकेकोमा अधिकारकर्मीहरूले आवाज उठाउँदै आएका थिए । हालै सर्वोच्चले चालू आर्थिक वर्षभित्रै अदालत गठनका लागि परमादेश दिएको थियो । न्यायाधीशद्वय अनिलकुमार सिन्हा र तिलप्रसाद श्रेष्ठको इजलासले ७ असोज ०८० मा महिला तथा बालबालिका मन्त्रालय, कानुन मन्त्रालयका साथै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका नाममा उक्त परमादेश जारी गरेको थियो । पटक-पटक अदालत गठनका लागि सर्वोच्चबाट आदेश दिइए पनि कार्यान्वयन नभएको परिप्रेक्ष्यमा चालू वर्षभित्रै न्यायपरिषद्सँगको परामर्शमा बाल अदालत गठन गर्न सर्वोच्चले भनेको थियो ।

उपभोक्ता अदालत गठन

अध्यक्षमा काठमाडौं जिल्लाका न्यायाधीश रामप्रसाद शर्मा नियुक्त

(समाचार पृष्ठ ६)

असन्तुष्ट स्वर समयमै सुन्दैन सिंहदरबार

महिना दिनयता मात्रै माइतीघरमा विरोधका ११३ कार्यक्रम, पाथीभरामा 'नो केबलकार' आन्दोलन गृह मन्त्रालयमा सहमतिपछि स्थगित

टेकराज थामी/नयाँ पत्रिका

सरोकारवालाका चासो र मागप्रति राज्य जतिजति अनुदार हुन्छ, त्यति-त्यति असन्तुष्टि र आक्रोश सडकतिर पोखिन्छ । ठिक अहिले त्यस्तै अवस्था छ । झन्डै दुईतिहाइको सरकार छ र पर्खने धेरै समय नभएकाले अध्यादेशमार्फत कानुन ल्याउनुपरेको प्रधानमन्त्रीको दलिल छ । तर, यही वेला आन्दोलनको क्षेत्र र आन्दोलनरत तप्काको आकार फराकिलो हुँदै छ ।

काठमाडौंदेखि जिल्ला-जिल्लासम्म विभिन्न माग राखेर फरक-फरक आन्दोलन जारी छन् । माइतीघर मण्डलामा मात्रै एक महिनामा एक सयभन्दा धेरै विरोधका कार्यक्रम भएका छन् । विभिन्न मुद्दामा केही समुदाय र पेसाकर्मी निकट भविष्यमै आन्दोलनको तयारीमा छन् । जबकि यी कुनै राजनीतिक मुद्दा होइनन् ।

पछिल्लो सात दिनदेखि माइतीघरमा

» पृष्ठ २ मा क्रमशः

सरकारीसरह तलब तथा निर्वाह भत्ता दिनुपर्ने माग राख्दै सात दिनदेखि आन्दोलनरत पोस्ट ग्र्याजुएट (पिजी) अध्ययनरत चिकित्सक

मोहियानी हकको उपयोग गर्न नपाएको भन्दै हलो, जुवा, कुटो, कोदालो, घुम, ढाकीसहितका कृषि औजारसहित काठमाडौंको माइतीघरमा आन्दोलनरत दाङका युवा

ताप्लेजुङको पाथीभरामा केबलकार बनाउन दिने सरकार निर्णयप्रति असन्तुष्टि जनाउँदै २० माघदेखि आन्दोलन सुरु भएपछि कोशीका नौ जिल्ला ठप्प थिए

विभेद हटाउने सर्वोच्च अदालतको आदेश कार्यान्वयन गराउन ब्रिटिस गोर्खा भूतपूर्व सैनिक १० दिनदेखि माइतीघर मण्डलामा आन्दोलनमा

विरोधका कार्यक्रमप्रति गृह जानकार छ

● **रामचन्द्र तिवारी**, प्रवक्ता गृह मन्त्रालय

पूर्वीनेपाल र माइतीघर मण्डलामा विरोधका केही कार्यक्रमप्रति गृह मन्त्रालय जानकार छ । समस्या समाधान गर्न विभिन्न तहबाट छलफल एवं वार्ता पनि भइरहेका छन् । सम्बन्धित मन्त्रालयसँग पनि विवादका सम्बन्धमा समन्वय भइरहेको छ । सबै समस्या समाधानउन्मुख छन् । सरकार गम्भीर भएर नै लागिरहेको छ ।

सम्बोधन गरिनुपर्ने पक्षसँग विमर्श नगरिँदा समस्या आइरहेका छन्

● **उमेश मैनाली**, पूर्वगृहसचिव

अहिले माइतीघर मण्डलामा स्वर्गद्वारी गुठीपीडितको धर्ना छ । पूर्वमा पाथीभरा मन्दिरमा केबलकार बनाउन नदिने पक्ष र सरकारबिच चर्को द्वन्द्व छ । यी दुवैको पृष्ठभूमि र समस्या अलग-अलग छन् । स्वर्गद्वारी गुठीपीडितको वर्षौंदेखिको समस्या हालसम्म पनि रहनुपर्नेजस्तो लाग्दैन । यसलाई भूमिसुधार मन्त्रालयले पहिले नै समाधान गर्नुपर्थ्यो । तर, गरिएको देखिएन । त्यस्तै, पाथीभरामा केबलकार नबनाइनहुने कुनै कारण छ जस्तो लाग्दैन । जस्तो भारतमा प्रसिद्ध धार्मिक तीर्थस्थल केदारनाथ छन् । तिब्बतमा मानसरोवर छ । त्यहाँ सम्बन्धित मुलुकको सरकारले नसकेर केबलकार नबनाएका होइनन् । त्यसो हुँदा हामी जुन नीति लिन्छौं, त्यहाँको प्रभाव पर्ने पक्ष के सोच्छन्, त्यसलाई विचार गर्दैनौं । उनीहरूसँग विमर्श गर्दैनौं । समस्याको जग नै त्यही हो जस्तो लाग्छ ।

सहकारीपीडित सडक संघर्षको तयारीमा

अध्यादेशले सहकारीपीडितको समस्या सम्बोधन गर्न नसक्ने भन्दै प्रत्येक राजनीतिक दललाई ज्ञापनपत्र बुझाएका सहकारीपीडित ज्ञापनपत्रअनुसार माग सम्बोधन नभए छिट्टै आन्दोलन गर्ने तयारीमा छन् ।

मिटरब्याजपीडितले पनि आन्दोलन गर्ने

मिटरब्याजपीडितको वकालत गर्दै संघर्षरत निर्ग नवीनका अनुसार मिटरब्याजपीडितले १८ फागुनमा मुलुकभर सामूहिक जाहेरी दर्ता गराउनेछन् । र, २८ फागुनदेखि देशव्यापी आन्दोलन गर्ने तयारी छ ।

शिक्षक राजधानीकेन्द्रित आन्दोलनमा जुट्दै

झन्डै १७ महिनाअघि सरकारसँग भएको सहमति कार्यान्वयनका लागि दबाब दिन १७ फागुनदेखि आन्दोलनको तयारीमा नेपाल शिक्षक महासंघ

रविविरुद्ध...

पृष्ठ १ बाट क्रमशः

मुद्दा चलाउन लुइँटेलमाथि दबाब थियो । तर, संगठित अपराध निवारण ऐनको व्याख्या गरी रविमाथि यो कानुन आकर्षित नहुने सरकारी वकिल कार्यालयको निष्कर्ष थियो ।

'संगठित अपराधको कसुर आकर्षित हुन आपराधिक समूहको सदस्य भई जानीजानी गम्भीर अपराध गरेको हुनुपर्ने भन्ने ऐनमा छ,' सरकारी वकिल कार्यालयका एक अधिकारीले भने, 'तर, उनको हकमा यो प्रावधान आकर्षित हुने नदेखिएपछि त्यही आधारमा हामीले कानुनअनुसार निर्णय गर्‍यौँ, तर एक्कासि शान्ति सरको सरुवा भएको सुन्यौँ ।' सरुवापछि लुइँटेलले भने यस विषयमा बोलेका छैनन् ।

महान्यायाधिवक्ता कार्यालयका प्रवक्ता सूर्यराज दाहालले चितवनका जिल्ला न्यायाधिवक्ता लुइँटेलको सरुवा भएको पुष्टि गरे । 'उहाँको महान्यायाधिवक्ता कार्यालयमा काजसरुवा भएको छ,' उनले भने । रवि लामिछानेसम्बन्धी मुद्दाको कारण नभई एक वर्ष अवधि पुग्न लागेकाले सरुवा भएको उनको दाबी छ ।

यो प्रकरणले रविविरुद्ध राजनीतिक प्रतिशोधका आधारमा मुद्दा चलाइएको भन्दै राष्ट्रिय स्वतन्त्र पार्टीको आरोपलाई समेत बल पुगेको छ । रविविरुद्ध प्रमाणका आधारमा भन्दा सरकारको निर्देशनका आधारमा मुद्दा चलाएको आरोप लाग्दै आएको छ । यसअघि काठमाडौं, कास्की र रुपन्देहीमा उनीविरुद्ध संगठित अपराधको मुद्दा चलेको थियो । कास्कीमा सम्पत्ति शुद्धीकरणको समेत कसुर लगाइएको छ । लामिछानेलाई गोर्खा मिडियाको तत्कालीन सञ्चालक भएकै आधारमा मुख्य आरोपीका रूपमा तीन महिनासम्म थुनामा राखेर पाँच जिल्ला घुमाएर प्रहरीले मुद्दा दायर गरेको हो ।

संसदीय छानबिनदेखि प्रहरी अनुसन्धानले सहकारीको पैसा गोर्खा मिडियामा लैजाने प्रक्रियामा उनको कुनै संलग्नता नभएको औँल्याएको छ । तर, गोर्खा मिडियाको तत्कालीन प्रबन्ध निर्देशक भएकै आधारमा मुख्य आरोपीका रूपमा अभियोग दायर भएपछि आलोचना हुँदै आएको छ ।

चितवनको साहारा सहकारी मुद्दामा सरकारी वकिल कार्यालयको निष्कर्ष- **रविविरुद्ध संगठित अपराध आकर्षित हुने अवस्था देखिएन**

जिल्ला सरकारी वकिलको कार्यालय चितवनले साहारा चितवन बहुउद्देश्यीय सहकारीको रकम अपचलनमा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेविरुद्ध संगठित अपराध आकर्षित हुने अवस्था नदेखिएको निष्कर्षसहित मुद्दा दायर गरेको छ । रविविरुद्ध चितवन जिल्ला अदालतमा मंगलबार सहकारी ठगीमा मात्रै मुद्दा दायर गरेको हो । रविविरुद्ध यो चौथो मुद्दा हो ।

गोर्खा मिडियाको सञ्चालक भएकै आधारमा संगठित रूपमा सहकारी ठगी गरेको अवस्था नभएको भन्दै उनीविरुद्ध संगठित अपराधको मुद्दा नचलाउने निर्णय भएको हो । 'हामीले प्रहरीको अनुसन्धान प्रतिवेदनका आधारमै मुद्दा दायर गरेका हौँ,' मुद्दा दायर गरेपछि मंगलबार दिउँसो जिल्ला सरकारी वकिल कार्यालय चितवनका प्रमुख शान्तिप्रसाद लुइँटेलले नयाँ पत्रिकासँग भनेका थिए, 'उनी (रवि) सरकारीको सदस्य वा सञ्चालक भएको तथा सरकारीको रकम अन्य कम्पनीमा लैजाने कार्यमा संलग्न भएको पनि देखिएन । अन्य तीन जना संलग्न देखिएकाले ठगी र संगठित दुवै मुद्दा चल्यो ।'

यसअघि पोखराको सूर्यदर्शन सहकारीमा रविविरुद्ध सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरण तथा काठमाडौंको स्वर्णलक्ष्मी र बुटवलको सुप्रिम सहकारीमा सहकारी ठगी र संगठित अपराधमा मुद्दा दायर गरिएको थियो । ती सबै मुद्दामा उनी अदालतको आदेशमा धरौटीमा रिहा भएका छन् ।

चितवनमा रविसहित १५ विरुद्ध सहकारी रकम अपचलनमा पूरक अभियोगपत्र दर्ता भएको छ । पहिलो चरणमा १७ जनाविरुद्ध मुद्दा दायर भएको थियो । सहकारीबाट पैसा गएका ६ कम्पनीलाई पनि प्रतिवादी बनाइएको छ । ३८ करोड नौ लाख ७९ हजार १७७ रुपैयाँ बिगो कायम गरी मुद्दा दायर गरिएको लुइँटेलले बताए ।

रविसहित छविलाल जोशी, रामबहादुर खनाल, रविना रिमाल, विशाल तामाङ, नवीन अछामी, कविता तामाङ, दीपक लामा, असरफ अली सिद्दिकी, भगवती बमजन, लक्ष्मीप्रसाद पौडेल, विज्ञान राई, नेत्रपाणि बाँस्तोला, शिवबहादुर गुरुङ र प्रगति श्रेष्ठविरुद्ध मुद्दा थपिएको छ । जिबी राईका एकभन्दा धेरै कम्पनीमा साझेदार रहेका र सहकारीका सञ्चालकविरुद्ध भने सहकारी ठगी र संगठित अपराधको मुद्दा दायर गरिएको छ ।

लुइँटेलका अनुसार साहारा चितवन बहुउद्देश्यीय सहकारीबाट गोर्खा मिडियामा १० करोड ८० लाख १९ हजार १५१ रुपैयाँ गोर्खा मिडियामा गएकोमा चारजना सञ्चालकलाई बराबर हुने गरी १० करोड ८० लाखको बिगो कायम गरिएको छ । जसअनुसार रविविरुद्ध करिब दुई करोड ७० लाखबराबरको बिगो दाबी गरिएको छ । गोर्खा मिडियाका अन्य सञ्चालकमा जिबी राई, छविलाल जोशी र कुमार रम्तेल छन् । उनीहरू सञ्चालक रहेका अन्य कम्पनीमा पनि सहकारीको पैसा गएको देखिएपछि उनीहरूको हकमा संगठित अपराधको मुद्दा पनि चलेको छ ।

जिबी राईसहित सागर केसी, हेमन्त राई, भूपेन्द्र राई, आशिष आनन्द, अनन्तबाबु राई, छत्रमणि भट्टराई, देवेन्द्रबाबु राई, दिनेश रोका, तीर्थराज लामिछाने, मनोज गुरुङ, दीपा न्यौपाने, शिवप्रसाद आचार्य, कुमार रम्तेल, वीरबहादुर रानाभाट, शरण विश्वकर्मा र थानबहादुर बुढामगरविरुद्ध भने गत ८ असोजमै मुद्दा दायर भएको थियो । त्यति वेला सहकारी ठगीमा प्रत्यक्ष संलग्नलाई प्रहरीले मुद्दा चलाएको थियो । यसपटक सहकारीबाट गएको रकम खर्च गर्ने भूमिकामा रहेकालाई पनि प्रतिवादी बनाइएको छ । तर, सूर्य थापा नेतृत्वको संसदीय छानबिन समितिले सहकारीबाट पैसा लैजाने भूमिकामा रविको संलग्नता नदेखिएको भनेर प्रतिवेदन दिँदा पनि उनलाई मुद्दा चलाइएको रास्वपाको दाबी छ ।

रवि तानिएको पर्साको सानो पाइला सहकारीमा पनि प्रहरीले अनुसन्धान टुंग्याएर सरकारी वकिललाई फाइल बुझाउने तयारी गरेको छ । जिबी राईको समूहले सञ्चालन गरेका विभिन्न सहकारीको रकम गैरकानुनी रूपमा गोर्खा मिडियामा लगिएको र प्रबन्ध निर्देशकका रूपमा रवि पनि त्यो रकम खर्च गर्ने भूमिकामा रहेको भन्दै उनलाई तानिएको छ । रास्वपाले भने राजनीतिक प्रतिशोधका आधारमा मुद्दा दायर गरिएको भन्दै विरोध गर्दै आएको छ ।

राज्यबाटै...

पृष्ठ १ बाट क्रमशः

अदालतमा ९ पुसमा बालविवाहको मुद्दा दर्ता गरेर छुटाउने प्रयास भएको छ । यो मुद्दामा सत्येन्द्रकी आमा गीतादेवीलाई समेत प्रतिवादी बनाएर दबाब दिइएको छ । प्रहरीले १६ पुसमा ललितपुरको टीकाथलीबाट सत्येन्द्रलाई पक्राउ गरी तीन दिनसम्म थुनामा राखेर अदालतमा पेस गरेको थियो । यसरी पक्राउ गर्दा प्रहरीले आफूमाथि कुटपिट गरेको सत्येन्द्रको भनाइ छ ।

सर्लाही अदालतले नेहालाई माइती पक्षको जिम्मा लगाएर सत्येन्द्रलाई भने धरौटीमा छाड्न आदेश दिएको थियो । तर, नेहालाई बन्धक बनाएको भन्दै सत्येन्द्रले सर्वोच्च अदालतमा नेहाको तर्फबाट बन्दीप्रत्यक्षीकरणको रिट दायर गरेका थिए । सर्वोच्चले आदेश गरेको तेस्रोपटकमा मात्रै नेहालाई बुबा सुरेन्द्रले अदालतमा उपस्थित गराएका थिए । उक्त रिटमा सुनुवाइ गर्दै सर्वोच्चले आइतबार नेहालाई सत्येन्द्रकै जिम्मा लगाएको छ । त्यसपछि पनि थप धम्की आइरहेको उनीहरूको गुनासो छ । जबकि सर्वोच्चले उनीहरू उमेर पुगेर विवाह गरेको देखिएको ठहर गर्दै नेहाकै इच्छाका आधारमा सत्येन्द्रको जिम्मा लगाएको थियो ।

जिल्ला प्रहरी कार्यालय, सर्लाहीमा त सत्येन्द्रविरुद्ध अपहरण मुद्दासमेत दर्ता गराउने प्रयास भएको खुलेको छ । सिंगो प्रहरी प्रशासन नै आफूहरूविरुद्ध रहेको भन्दै उनीहरू भूमिगत बन्न बाध्य छन् । आफूहरूविरुद्ध अपहरणदेखि लागुऔषध मुद्दामा फसाउने भनेर प्रहरीले नै धम्की दिएको उनीहरूको गुनासो छ ।

मुम्बई घुम्न गएका वेला उनीहरूलाई नेपाल प्रहरीको टोली मुम्बईमै गएर पक्राउ गरेको थियो । नेहाका बुबा सुरेन्द्र साह रौनियार व्यवसायी तथा कांग्रेसका स्थानीय नेता भएकाले गृहमन्त्री रमेश लेखकमार्फत उनले शक्तिको दुरुपयोग गरेका हुन् । प्रहरी स्रोतका अनुसार गृहमन्त्री लेखककै निर्देशनमा गत २१ मंसिरमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका तत्कालीन डिएसपी रुगम कुँवर नेतृत्वको टोली मुम्बई पुगेर सत्येन्द्र र नेहालाई पक्राउ गरेको थियो । टोलीले उनीहरूलाई मुम्बईबाट दिल्लीसम्म ल्याएको थियो । तर, दिल्लीबाट नेपाल ल्याउने क्रममा टिकटमा नाम नमिलेपछि तथा सत्येन्द्र र नेहाले त्यहाँको सुरक्षाकर्मीसमक्ष समेत गुनासो गरेपछि प्रहरी टोली त्यसै नेपाल फर्किएको थियो । सत्येन्द्र र नेहालाई त्यसअघि एकपटक र पछि १६ पुसमा पनि प्रहरीले पक्राउ गरेको थियो ।

यद्यपि, गृहमन्त्री लेखकले सो घटनाबारे आफूलाई जानकारी नभएको दाबी गरेका छन् । 'समाजमा छुवाछूत र जातीय विभेद् बढाउने, संविधान र कानुनप्रदत्त नागरिकका अधिकारहरूको उपभोगमा अवरोध पुर्‍याउने क्रियाकलापलाई कानुनको दायरामा ल्याउने कुरामा गृह मन्त्रालय प्रतिबद्ध छ । राज्यका निकायहरूले आफ्नो तोकिएको अधिकार क्षेत्रभित्र रही सम्पादन गरेका र यस मन्त्रालय एवं माननीय मन्त्रीज्यूलाई सामान्य जानकारी समेत नभएको विषयमा समाजमा भ्रम फैलाउने गरी जिम्मेवार सञ्चार माध्यममा भ्रामक र कपोल्कल्पित समाचार प्रकाशन भएकोप्रति मन्त्रालय दुःख व्यक्त गर्दछ,' मंगलबार गृह मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ । तर, गृहमन्त्रीकै निर्देशनमा सत्येन्द्र र नेहालाई पक्राउ गर्न प्रहरीको टोली भारत पठाइएको स्रोत बताउँछ । गम्भीर किसिमका मुद्दाका फरार अभियुक्तहरूलाई पक्राउ गर्नसमेत गृहमन्त्री र प्रहरी महानिरीक्षकको निर्देशनमा मात्रै त्यसरी प्रहरी टोली विदेश जाने गर्छ ।

यो घटनामा राष्ट्रिय मानव अधिकार आयोगले समेत गम्भीरताका साथ अनुसन्धान गरिरहेको छ ।

गृहमन्त्री लेखक भने महानिरीक्षकलाई 'आवश्यक भए छानविन गर्न निर्देशन' दिएर पन्छिने प्रयासमा छन् । 'समाचारमा प्रकाशन भएको विषयमा यथार्थ विवरण सार्वजनिक गर्न र आवश्यक भए थप छानबिनसमेत गर्न माननीय मन्त्रीज्यूबाट प्रहरी महानिरीक्षकलाई निर्देशन भइसकेको जानकारी गराइन्छ,' गृह मन्त्रालयका प्रवक्ता रामचन्द्र तिवारीले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

कांग्रेस सांसद...

पृष्ठ १ बाट क्रमशः

प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले विगत एक वर्षदेखि यस प्रकरणमा अनुसन्धान गर्दै आएको थियो । जग्गा हिनामिना गर्दा चौधरी समूहले पब्लिक कम्पनी बनाउने समझदारी गरी निजी कम्पनी बनाएर ठगी गरेको प्रहरीको अनुसन्धानको निष्कर्ष थियो । पछि जग्गा फिर्ता गरेको देखाएर सिआइबीबाटै मुद्दा चलाउन नपर्ने गरी फाइल अघि बढाइयो । जिल्ला सरकारी वकिल, उच्च सरकारी वकिल हुँदै गत साता फाइल महान्यायाधिवक्ता कार्यालयमा पुगेको थियो ।

०४३ मा चौधरी समूहले बाँसबारीको उक्त जग्गा नाटकीय रूपमा आफ्नो नाममा ल्याएको थियो । बाँसबारी छाला तथा जुत्ता कारखाना र चौधरी समूहको च्याम्पियन फुटवेयर कम्पनीबिच साझेदारीका नाममा यसरी जग्गा बेचिएको थियो । जुत्ता उत्पादनमा सरकारी कम्पनीलाई सहयोग गर्न भन्दै च्याम्पियन फुटवेयरले प्रस्ताव गरी १० रोपनी जग्गा लिएको थियो । सो कम्पनीमा चौधरी परिवारको ५१ प्रतिशत, बाँसबारी कारखानाको २५ र बाँकी २४ प्रतिशत सेयर सर्वसाधारणलाई दिने भनेर पब्लिक कम्पनी बनाउने समझदारी भएको थियो । तर, जग्गा लिएपछि सो कम्पनीका सञ्चालकहरूले पब्लिक कम्पनीलाई किर्ते गरी निजी कम्पनी बनाएका थिए ।

सिआइबीले गत वर्ष १८ माघमा चौधरी समूहका व्यवसायी अरुण चौधरी, तत्कालीन छाला तथा जुत्ता कारखानाका अध्यक्ष अजितनारायणसिंह थापा र व्यवसायी चौधरीका साझेदार सञ्जय ठाकुरलाई पक्राउ नै गरेर अनुसन्धान अघि बढाएको थियो । तर, राजनीतिक दबाबपछि उनीहरूलाई मुद्दा नचलाई हाजिरी जमानीमा छाडिएको थियो । सांसद विनोद चौधरीलाई भने सरकारी वकिल कार्यालयमा उपस्थित गराएर बयान लिइएको थियो ।

सरकारी कम्पनीलाई ठगी गरी त्यहाँको १० रोपनी जग्गा हत्याएको प्रहरी अनुसन्धानको निष्कर्ष थियो । सुरुमा सस्तो मूल्यमा ६ रोपनी जग्गा सो कम्पनीले लिएको र पछि सेयरबापत थप चार रोपनी लिएको थियो । तर, तीन वर्षमै च्याम्पियन फुटवेयर बन्द भएको थियो । जसका आधारमा जग्गा हात पार्नकै लागि समझदारीको आवरणमा ठगी गरिएको सिआइबीको निष्कर्ष थियो ।

०५४ मा चौधरीले नै बाँसबारी कारखानाको २५ प्रतिशत सेयर पनि हात पारी कम्पनीको नाम परिवर्तन गरेका थिए । जसमा जालसाजी भएको भनेर त्यसवेला सिआइबीले पत्रकार सम्मेलन नै गरी विवरण सार्वजनिक गरेको थियो ।

सरकारी जग्गा बेचबिखन गर्ने कुनै अधिकार नभए पनि तत्कालीन छाला तथा जुत्ता कारखानाका अध्यक्ष थापाले चौधरी समूहको प्रभावमा परी कानुनविपरीतको निर्णय गरेको निष्कर्षका आधारमा प्रहरीले किर्ते र ठगीसम्बन्धी कसुरमा जाहेरी दर्ता गरेको थियो । तर, यो मुद्दालाई प्रभाव पार्न प्रचण्ड सरकार फेरिएलगत्तै सिआइबीका एआइजीलगायत अनुसन्धान अधिकारीहरूलाई हटाइएको थियो । अन्ततः वर्तमान केपी ओली नेतृत्वको सरकारले मुद्दा नै नचलाउने निर्णय गरेको छ ।

चोरीको सामान फिर्ता गरेको आधारमा उन्मुक्ति दिने शैली अपनाएर मुद्दा नचलाउने निर्णय भएको सिआइबीका एक प्रहरी अधिकारी बताउँछन् । जग्गा सरकारको नाममा ल्याउने निर्णय अघिल्लो सरकारले गत वर्ष चैतमै गरे पनि अझै खाली गराइएको छैन । उक्त जग्गामा अहिले पनि चौधरी समूहको चाँदबाग स्कुल सञ्चालनमा छ ।

उपप्रधानमन्त्री सिंहकी दिदी मुख्य आरोपी रहेको बाल संगठनको जग्गा लिजमा लगाउँदा भएको हिनामिना मुद्दा पनि डिसमिस गरिँदै

उपप्रधानमन्त्री तथा कांग्रेस नेता प्रकाशमान सिंहकी दिदी रिता सिंह वैद्य मुख्य आरोपी रहेको नेपाल बाल संगठनको जग्गा लिजमा लगाउँदा भएको हिनामिनासम्बन्धी मुद्दा पनि प्रहरीले डिसमिस पार्ने तयारी गरेको छ । अनाथ बालबालिकाको हितमा स्थापना भएको बाल संगठनको जग्गा कौडीको भाउमा व्यापारीलाई दिएर हिनामिना भएको थियो ।

३३ वर्षसम्म एकछत्र अध्यक्ष भएर संगठन चलाउने क्रममा वैद्यले संगठनको नक्सालस्थित २८ रोपनी पाँच आना जग्गा अनियमित तवरले लिजमा लगाएकी थिइन् । करोडौंमा भाडा लाग्ने संगठनको उक्त जग्गा ०४९ देखि प्रयोग गर्दै आएको निजी स्कुल वृहस्पति विद्या सदनलाई वैद्यले विनाप्रतिस्पर्धा न्यून दररेटमा २१३१ सालसम्मका लागि लिजमा लगाएको विषयमा जिल्ला अदालतले गत २७ वैशाखमै पक्राउ पुर्जी जारी गरेको थियो । सिआइबीले उनीहरूमध्ये पूर्वउपाध्यक्ष तुलसीनारायण श्रेष्ठलाई गत जेठमा पक्राउ गरेकोमा तेस्रो दिनमै हाजिरी जमानीमा छुटेका थिए ।

तत्कालीन अध्यक्ष वैद्यले ६ पटकसम्म विनाप्रतिस्पर्धा म्याद थपेकी थिइन् । मासिक करोडौं भाडा उठाउन सक्ने जग्गाबाट आठ लाख मात्रै प्राप्त गर्दै आएको संगठनले भने तीन सय अनाथ बालबालिका पाल्न संकट झेल्दै आएको छ । सरकारले वार्षिक ५० लाख मात्रै पाउने संगठनले बालबालिकाको रेखदेखमा आर्थिक संकट व्यहोरिरहेको बताउँछन् संगठनका कोषाध्यक्ष देउमान विष्ट । 'हाम्रो सम्पत्तिमा व्यापारीले रजाइँ गरिरहेका छन्, राज्यका निकायबाट पनि अनुसन्धान रोकिने गर्छ, जसका कारण हामी सुनको कचौरा लिएर माग्ने अवस्थामा पुगेका छौँ,' उनले भने ।

असन्तुष्ट...

पृष्ठ १ बाट क्रमशः

आवासीय चिकित्सकहरू आन्दोलनरत छन् । सरकारीसरह निर्वाह भत्ता तथा तलब दिनुपर्ने माग राख्दै पोस्ट ग्राजुएट (पिजी) अध्ययनरत चिकित्सक आन्दोलन गरिरहेका हुन् । निजी मेडिकल कलेजहरूले उचित पारिश्रमिक नदिएको र कम्तीमा ४८ हजार मासिक तलबभत्ता पुर्‍याउनुपर्ने उनीहरूको माग छ । मंगलबार चिकित्सकहरूले देशभरका निजी मेडिकल कलेजमा बिहान ९-११ बजेसम्म ओपिडी सेवा बन्द गरे भने दिउँसो १२ बजेदेखि एप्रोनसहित माइतीघरमा धर्नामा बसे । त्यस्तै, सोमबार उनीहरूले आफ्ना र्‍याली, धर्ना र पेनडाउन गरेका थिए । त्यस्तै, हरेक दिन उनीहरू माइतीघरमा भेला भएर धर्ना बस्ने गरेका छन् ।

दुई वर्षदेखि तलब वृद्धिको माग गर्दै आएका उनीहरूले पछिल्लो समय सुरक्षित कार्यस्थल संघर्ष समिति बनाएर सरकारी र निजी मेडिकल कलेजमाथि दबाब दिँदै आइरहेको आन्दोलनको नेतृत्व गरिरहेका डा. शेषराज घिमिरेले बताए । 'हाम्रो आन्दोलन निरन्तर जारी छ, अझ कडा रूपमा प्रस्तुत हुँदै जान्छौँ, हामीमाथि अन्याय भइरहेको छ,' उनले भने ।

मोहियानी हक मागेर दाङका युवाहरू आन्दोलनमा

मोहियानी हकको उपयोग गर्न नपाएको भन्दै दाङका युवाहरू माइतीघरमा आन्दोलनमा छन् । यसको नेतृत्व दाङ घोराही उमनपा-१४, झिँगौराका प्रवीण दलित चौधरीले गरेका छन् र उनलाई अरू ३८ युवाको साथ छ । तीन पुस्तासम्म मोहियानी हक नपाएको भन्दै नाति पुस्ता आन्दोलनमा छ । प्रत्येक दिनको बिहान ठिक १० बजे प्रवीणको समूह हलो, जुवा, कुटो, कोदालो, घुम, ढाकीसहितका कृषि औजार लिएर माइतीघर मण्डला पुग्छ । सडकमा ब्यानर टाँग्छ । कृषि औजार सडकमा फिँजाउँछ । र, प्लेकार्ड बोकेर धर्नामा बस्छ । २० माघदेखि चलेको धर्ना कहाँ पुगेर टुंगिन्छ, कसैलाई थाहा छैन ।

दाङको घोराहीमा प्युठानस्थित स्वर्गद्वारी गुठीको १ हजार ५० बिघा जमिन छ । जसमध्ये ७५३ बिघा जमिनमा मोही कायम भएको छ । सोही जग्गामा तीन पुस्तादेखि आश्रित छन्, घोराही उपमहानगरपालिका र लमही नगरपालिकाका तीन हजार ५ घरधुरी । तर, हालसम्म पनि लालपुर्जा नहुँदा सबै स्थानीय सुकुमवासीसरह भएका छन् । धर्नास्थलमा भेटिएका प्रवीणले भने, 'हाम्रो माग ठुलो छैन । तीन पुस्तादेखि भोगचलन गरेको गुठीको जग्गाबाट मोहियानी हक प्राप्त होस्, हाम्रो नाममा लालपुर्जा जारी होस् भन्ने हो । कानुनले समेत व्यवस्था गरेको छ । तर, सरकारले वर्षौंसम्म सम्बोधन गरेन ।'

विभेद हटाउने आदेश कार्यान्वयन गराउन ब्रिटिस गोर्खा भूतपूर्व सैनिक आन्दोलनमा

ब्रिटिस गोर्खा भूतपूर्व सैनिक संगठन (बिगेसो) पनि १० दिनदेखि माइतीघर मण्डलामै आन्दोलनरत छ । सर्वोच्च अदालतले २४ माघ ०७९ मै बेलायतद्वारा सिंगापुरमा पठाइएका सिंगापुर पुलिस फोर्सका नेपालीमाथि भएको विभेद हटाउनका लागि पहल गर्न भन्दै सरकारको नाममा निर्देशनात्मक आदेश जारी गरेको थियो । उक्त आदेश कार्यान्वयन नभएपछि उनीहरू दुई वर्षदेखि आन्दोलनरत छन् । माइतीघर मण्डलामा १० दिनदेखि जारी विगतदेखिको सोही आन्दोलनको निरन्तर रूप हो ।

धर्नामा भेटिएका बिगेसोका उपाध्यक्ष मनीकुमार सुनुवारले अदालतको आदेश कार्यान्वयन नभएपछि आन्दोलन गर्नुपरेको बताए । 'सिंगापुर पुलिसमा नेपाली युवा सन् १९४७ को नोभेम्बर ९ मा नेपाल, भारत र संयुक्त अधिराज्यबिच भएको त्रिपक्षीय सम्झौताअनुसार भर्ती भइरहेका छन् । तर, यसरी भर्ती भएका पुलिसमाथि चरम अन्याय, विभेद र असमानता छ,' सुनुवारले भने, 'विरोधमा हामीले आन्दोलन गर्‍यौँ । अदालतमा मुद्दा हाल्यौँ । अदालतले सरकारलाई निर्देशनात्मक आदेश दियो । तर, कार्यान्वयन नभएपछि आन्दोलनमा उत्रिनुपर्‍यो ।'

खिस्टियन आयोगको माग राखेर इसाई समुदाय आन्दोलनमा

इसाई धर्मावलम्बी पनि ब्यानर लिएर माइतीघर मण्डलामै विरोधमा उत्रिएका छन् । उनीहरूको ब्यानर सडकमा टाँगिएको देखिन्छ । तर, आन्दोलनकर्मी भने सडकमा देखिन्नन् । उनीहरूको माग छ, 'राष्ट्रिय खिस्टियन आयोग गठन हुनुपर्छ ।'

पाथीभरा केबलकार निर्माण तत्कालका लागि स्थगन, आन्दोलन पनि स्थगित

ताप्लेजुङको मुक्कुम्लुङ पाथीभरामा केबलकार निर्माणको काम तत्कालका लागि स्थगन गर्ने सहमति जुटेको छ । योसँगै १२ माघदेखि आन्दोलनरत पक्षले पनि आन्दोलन स्थगित गरेको छ । गृह मन्त्रालयले गठन गरेको सरकारी वार्ता टोली र मुक्कुम्लुङ संरक्षण संयुक्त संघर्ष समितिसहितका समूहबिच मंगलबार राति भएको ६ बुँदे सहमतिअनुसार कोशीमा अनिश्चितकालीन यातायात बन्दको आन्दोलन पनि स्थगित भएको छ ।

सरकारी वार्ता टोलीका संयोजक, सहसचिव प्रेमप्रसाद भट्टराईका अनुसार केबलकार निर्माणको काम तत्कालका लागि स्थगन हुनेछ । तर, आन्दोलनरत पक्षले केबलकार निर्माण गर्न नै नहुने राखेको अडानका बारेमा भने २७ माघमा पुनः वार्ता गरेर टुंग्याइनेछ । सहमतिअनुसार १२ माघ र त्यसपछि आन्दोलनका क्रममा घाइते भएकाहरूको निःशुल्क र प्रभावकारी उपचार सरकारले गर्ने भएको छ । १२ माघमा भएको झडप र प्रहरीको बल प्रयोगबाट तीनजना गम्भीर घाइते भएका थिए । यो घटनाको विषयमा छानबिन गरी कानुनी कारबाही गर्ने सहमति बुँदा नम्बर ३ मा उल्लेख छ ।

ऋणीलाई भाखा नाघेको कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८१/१०/२३ गते

यस माछापुच्छ्रे बैंक लि. तपसिलमा उल्लेखित शाखा कार्यालयहरुबाट तपाई तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गर्नु भएको कर्जाको साँवा, व्याज तोकिएको म्यादमा चुक्ता नगर्नु भएको र यस अघि पनि मौखिक तथा लिखित रुपमा कर्जा चुक्ता गर्नको लागि पटक पटक अनुरोध गर्दा पनि कर्जाको साँवा व्याज, थप व्याज अन्य दस्तुर आदि चुक्ता भुक्तान नगरी शर्त कबुलियतको उल्लंघन गर्नु भएकोले तपसिलमा उल्लेखित ऋणीको नाउँमा बक्यौता ऋणकर्जा चुक्ता भुक्तान गर्न यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले पैतिस (३५) दिनभित्र यस बैंकमा सम्पर्क राखी सम्पूर्ण कर्जाको साँवा, व्याज चुक्ता गर्नुहुन अनुरोध गरिन्छ । उल्लेखित समयावधिभित्र सम्पूर्ण कर्जाको साँवा, व्याज चुक्ता नगरेमा तपाई ऋणीले कर्जा लिंदा उपलब्ध गराएको धितो लिलाम गर्ने ऋणी, संचालक/प्रोप्राइटरको नाम कर्जा सूचनाकेन्द्रको कालोसूचीमा समावेश गर्ने तथा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गर्ने लगायत कर्जा असुल उपर गरी लिनको लागि अन्य कानुनी कारवाहीहरु समेत अवलम्बन गरिने ब्यहोरा यसै सूचनाबाट जानकारी गराउदै यथाशिघ्र कर्जा भुक्तानी गर्न विशेष अनुरोध गरिन्छ ।

तपसिल

शाखा कार्यालय : राजविराज

ऋणीको नाम, ठेगाना

संजय कुमार मंडल
ना.प्र.नं. १६३२९४, जि.प्र.का. सप्तरी, जारी मिति : २०६०/११/०३
बाबु : सुरेन्द्र मंडल, बाजे : भोगी मंडल
ठेगाना : सप्तरी जिल्ला, बोरिया गा.वि.स. वडा नं. ५, हाल : सप्तरी जिल्ला, राजविराज न.पा. वडा नं. १६

व्यक्तिगत जमानतकर्ताहरु

१. संजय कुमार मंडल ना.प्र.नं. १६३२९४, जि.प्र.का. सप्तरी जारी मिति : २०६०/११/०३ बाबु : सुरेन्द्र मंडल, बाजे : भोगी मंडल ठेगाना : सप्तरी जिल्ला, बोरिया गा.वि.स. वडा नं. ५ हाल : सप्तरी जिल्ला, राजविराज न.पा. वडा नं. १६	**२. सुरेन्द्र मण्डल** ना.प्र.नं. १७१४२१६०, जि.प्र.का. सप्तरी जारी मिति : २०४४/११/०२ बाबु : भोगी मन्डल, बाजे : पंची मन्डल ठेगाना : सप्तरी जिल्ला, बोरिया गा.वि.स. वडा नं. ५ हाल : सप्तरी जिल्ला, राजविराज न.पा. वडा नं. १६
३. द्रौपदी देवी मंडल ना.प्र.नं. २५५६, जि.प्र.का. सप्तरी जारी मिति : २०४६/०३/०६ बाबु : वैध नाथ मंडल पति : सुरेन्द्र मंडल, ससुरा : भोगी मंडल ठेगाना : सप्तरी जिल्ला, बोरिया गा.वि.स. वडा नं. ५ हाल : सप्तरी जिल्ला, राजविराज न.पा. वडा नं. १६	**४. नितु कुमारी मण्डल** ना.प्र.नं. ४०३२, जि.प्र.का. सप्तरी जारी मिति : २०६३/०६/२७ बाबु : हेम नारायण मण्डल धानुक पति : संजय कुमार मंडल, ससुरा : सुरेन्द्र मण्डल ठेगाना : सप्तरी जिल्ला, बोरिया गा.वि.स. वडा नं. ५ हाल : सप्तरी जिल्ला, राजविराज न.पा. वडा नं. १६

धितोमा रहेको सम्पत्तिको विवरण

पंची मन्डलको नाति, भोगी मन्डलको छोरा, सप्तरी जिल्ला, बोरिया गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल सप्तरी जिल्ला, राजविराज न.पा. वडा नं. १६ बस्ने सुरेन्द्र मन्डलको नाममा मालपोत कार्यालय सप्तरीमा दर्ता कायम भएको सप्तरी जिल्ला, बोरीया ५ क स्थित कि.नं. १८६६ को क्षेत्रफल ०-२-० (बि.क.धु.) को जग्गा तथा उक्त जग्गामा निर्मित घर आदि सम्पूर्ण लिगलगापात समेत ।

शाखा कार्यालय : बत्तिसपुतली

ऋणीको नाम, ठेगाना

नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता रहेको **जे.सि. लिक्विर्स सप ।**
दर्ता नं. ११८१४८/०७१/०७२, दर्ता मिति : २०७१/०५/०४, पान नं. ६०३०००२५८, दर्ता मिति : २०७१/१०/२८
ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २, लाजिम्पाट, **प्रोप्राईटर : छत्र बहादुर मगर**

व्यक्तिगत जमानतकर्ताहरु

१. छत्र बहादुर मगर ना.प्र.नं. २०७९९, जि.प्र.का. रामेछाप जारी मिति : २०४९/०४/१८ बाबु : दल बहादुर मगर बाजे : झाउरे मगर ठेगाना : रामेछाप जिल्ला, कठजोर वडा नं. ४	**२. जगमाया मगर** ना.प्र.नं. २११०२८/२५११८, जि.प्र.का. रामेछाप जारी मिति : २०६८/०४/३२ बाबु : चक्र ब. थापा मगर पति : छत्र बहादुर मगर, ससुरा : दल बहादुर मगर ठेगाना : रामेछाप जिल्ला, कठजोर वडा नं. ४

धितोमा रहेको सम्पत्तिको विवरण

१. दल बहादुर मगरको बुहारी, छत्र ब. मगरको पत्नी, रामेछाप जिल्ला, कठजोर वडा नं. ४ बस्ने जगमाया मगरको नाममा मालपोत कार्यालय ललितपुरमा दर्ता कायम भएको ललितपुर जिल्ला, इमाडोल गा.वि.स./न.पा. वडा नं. ८ स्थित कि.नं. २०७, २१९ र २२० को क्षेत्रफल क्रमशः ३२ (ब.मी.), ५८.३० (ब.मी.) र २१ (ब.मी.) को जग्गा तथा उक्त जग्गामा निर्मित घर आदि सम्पूर्ण लिगलगापात समेत ।
२. ऋणी जे.सि. लिक्विर्स सपले बैंकलाई लेखिदिएको मौज्दात तथा चल सम्पत्तिको धितो सम्बन्धी सम्झौता (Hyothecation Agreement) बमोजिमको सम्पत्ति र हक हस्तान्तरण सम्बन्धी सम्झौता पत्र (Assignment Agreement) बमोजिम भुक्तानी प्राप्त गर्ने रकमहरु ।

शाखा कार्यालय : गणेशमान चारनाथ

ऋणीको नाम, ठेगाना

युगेश यादव
ना.प्र.नं. ५९३५०६३०, जि.प्र.का. धनुषा, जारी मिति : २०५२/०३/२८
बाबु : उपेन्द्र प्रसाद यादव, बाजे : जगदेव खिरहर यादव
ठेगाना : धनुषा जिल्ला, इनर्वा गा.वि.स. वडा नं. २, हाल : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ४

व्यक्तिगत जमानतकर्ताहरु

१. संतोष यादव ना.प्र.नं. २९३५०८७६, जि.प्र.का. धनुषा जारी मिति : २०६०/०२/२५ बाबु : उपेन्द्र प्रसाद यादव बाजे : जगदेव खिरहर यादव ठेगाना : धनुषा जिल्ला, इनर्वा गा.वि.स. वडा नं. २ हाल : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ४	**२. मनोज यादव** ना.प्र.नं. २९३५०८७७, जि.प्र.का. धनुषा जारी मिति : २०६०/०२/२६ बाबु : उपेन्द्र प्रसाद यादव बाजे : जगदेव खिरहर यादव ठेगाना : धनुषा जिल्ला, इनर्वा गा.वि.स. वडा नं. २ हाल : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ४
३. उपेन्द्र प्रसाद यादव ना.प्र.नं. ५९३५१०३४, जि.प्र.का. सिरहा जारी मिति : २०३५/०३/०८ बाबु : जगदेव खिरहर यादव बाजे : चौधरी यादव ठेगाना : सिरहा जिल्ला, मल्हनिया गा.वि.स. वडा नं. ९ हाल : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ४	**४. रिता देवी यादव** ना.प्र.नं. २३११, जि.प्र.का. धनुषा जारी मिति : २०४६/०३/१६ बाबु : वासदेव यादव पति : उपेन्द्र प्रसाद यादव, ससुरा : जगदेव खिरहर यादव ठेगाना : धनुषा जिल्ला, इनर्वा गा.वि.स. वडा नं. २ हाल : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ४

धितोमा रहेको सम्पत्तिको विवरण

धनी यस माछापुच्छ्रे बैंक लिमिटेड र ऋणी युगेश यादवको नाममा दर्ता कायम भएको निम्न बमोजिमको सवारी साधन :
सवारी मोडल : F800RE-GQGF, दर्ता नं. प्रदेश ३-०१ ०२३ च ०९५७, रङ्ग : BRONZE MICA METALLIC
ईन्जिन नं. 2NRF898279, च्यासिस नं. MHKE8FB300K005634

माछापुच्छ्रे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित

मोटरसाइकल हरायो

मिति २०८१/१०/२१ गते दिउँसो अ.३:३८ बजेको समयमा का.म.न.पा.-१६, बालाजुचोक स्थित बर्गरहाउस अगाडी पार्किङबाट मेरो निम्न व्यहोरा भएको निलो, कालो रंगको **220 CC** को पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला ।

नाम : साजन तामाङ
मो.सा.नं.: बा.प्र. ०२-०५५ प २३१९
चेसिस नं.: MD2A13EX7RCH83593
इन्जिन नं.: DKXCRH48625
सम्पर्क न.: 9810246326

काठमाडौं महानगरपालिका
७ नं. वडा कार्यालय
मित्रपार्क, काठमाडौं, बागमती प्रदेश नेपाल

काठमाडौं जिल्ला, का.म.पा.-७, सिफल बस्ने कुनाल ठाकुरको नाउँमा काठमाडौं महानगरपालिका-७ नं. वडा कार्यालयबाट जारी भएको १५ (पन्ध्र) दिने म्याद सूचना

उपरोक्त सम्वन्धमा का.जि. काठमाडौं महानगरपालिका वडा नं ७ रोमा नकर्मीले तपाईको विरुद्ध घर फल्याट खोली पाउँ भन्ने सम्वन्धमा उजुरी निवेदन यस ७ नं. वडा कार्यालयमा मिति २०८१/१०/०४ गते दर्ता भई म्याद तामेल गर्न प्रक्रिया अघि बढाउदा हालसम्म म्याद रितपूर्वक तामेल हुन नसकेकोले यो १५ दिने म्याद सूचना प्रकाशित गरिएको छ । अत : यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस वडा कार्यालयमा उपस्थित भई वा कानून बमोजिम लिखित जवाफ पेश गरी निवेदकको माग बमोजिम घर/फल्याट खाली गर्नु नपर्ने कुनै कारण भए पेश गर्नुहुन सूचना प्रकाशित भएको छ । म्याद भित्र लिखित जवाफ पेश नभएमा प्रचलित कानून बमोजिम भई जानेछ ।
ईति सम्वत् २०८१ साल माघ महिना २२ गते रोज ३ शुभम् ।

कर्जा चुक्ता गर्नेसम्बन्धी ३५ दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मिति : २०८१।१०।२३ गते

ओखलढुंगा जिल्ला, मानेभन्ज्याङ गा.पा.४ केतुकेमा संचालित यस जनसेवी बचत तथा ऋण सहकारी संस्थाबाट तपसिलमा उल्लेखित चल अचल सम्पत्ति सुरक्षणबापत् धितो राखि तपसिलका ऋणीले लिएको ऋण दर्जाको साँवा ब्याजलगाएतका अन्य रकमसमेत यस सहकारी संस्थासँगको सर्त कबुलियत बमोजिम समय-समयमा तिर्ने बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जासम्बन्धि शर्त बन्देज उल्लंघन गर्नुभएकोले पटकपटक मौखिक तथा लिखित रुपमा ताकेता गर्दासमेत सो ऋण कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धमा कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । प्रचलित ऐन कानुन तथा यस सहकारी संस्थासँग गरेको लिखित बमोजिम धितोमा रहेको, चल अचल सम्पति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी संस्थाको आफ्नो लेना रकम असुलउपर गर्नुका साथै ऋण तथा जमानीकर्तासमेत कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै तपसिलमा रहेको धितोबाट समेत सहकारी संस्थाको सम्पूर्ण लेना रकम असुलउपर नभएमा सहकारी ऐन २०७४ प्रदेश सहकारी ऐन २०७६ र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋण तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा ऋण सम्पतिबाट बाँकी लेना रकम असुलउपर गरिने व्यहोरासमेत ऋणी जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै यसै सूचनाद्वारा सूचित गरिन्छ ।

ऋणीहरूको विवरण

नामः निरा बि.क बाबुको नामः बुद्धिलाल बि.क बाजेको नामः हर्कध्वज बि.क पतिको नामः निराज गजमेर ठेगानाः ओखलढुंगा जिल्ला मानेभन्ज्याङ-४, केत्तुके घलेगाऊँ	**नामः सुरज बि.क** बाबुको नामः शुक्र बहादुर बि.क बाजेको नामः धर्म बहादुर बि.क पत्निको नामः सुकु सुनुवार बि.क ठेगानाः ओखलढुंगा जिल्ला मानेभन्ज्याङ-३ उवुँ
नामः ज्ञान बहादुर परियार बाबुको नामः विर वहादुर दमाई बाजेको नामः साई राम दमाई पत्निको नामः मैया दमाई ठेगानाः ओखलढुंगा जिल्ला मानेभन्ज्याङ-४ केत्तुके ठूलोजुरे	**नामः खड्ग बहादुर आले मगर** बाबुको नामः हरिबहादुर आले मगर बाजेको नामः बखतबहादुर आले मगर पत्निको नामः खन्ची माया मगर ठेगानाःओखलढुंगा जिल्ला मानेभन्ज्याङ-९,माधवपुर थलहरि
नामः विष्णु माया तामाङ बाबुको नामः विर बहादुर तामाङ बाजेको नामः जित बहादुर तामाङ पतिको नामः फुल बहादुर तामाङ ठेगानाःओखलढुंगा जिल्ला मानेभन्ज्याङ–४,केत्तुके पारिगाऊँ	**नामः नानीबाबु सिंजाली मगर** बाबुको नामः थाप बहादुर सिंजाली मगर बाजेको नामः हर्क बहादुर सिंजाली मगर पत्निको नामः धन कुमारी मगर ठेगानाः ओखलढुंगा जिल्ला मानेभन्ज्याङ–९ माधवपुर दुमखिम
नामः सुजना तामाङ बाबुको नामः मणिधन तामाङ बाजेको नामः बिर बहादुर तामाङ पतिको नामः कैलास तामाङ ठेगानाः ओखलढुंगा जिल्ला मानेभन्ज्याङ–४,केत्तुके ठूलोजुरे	**नामः युवराज बि.क** बाबुको नामः माईत बि.क बाजेको नामः लखन बहादुर बि.क पत्निको नामः तिला माया कामी ठेगानाः ओखलढुंगा जिल्ला सिद्धिचरण १० बेतेनी
नामः पदम बहादुर विश्वकर्मा बाबुको नामः शरण बहादुर विश्वकर्मा बाजेको नामः लालविर विश्वकर्मा पत्निको नामः विमला विश्वकर्मा ठेगानाः ओखलढुंगा जिल्ला मानेभन्ज्याङ–३, उवुँ	

■ राष्ट्रिय एआई नीतिको मस्यौदा

एआई नियमनका लागि संघमा परिषद्, प्रदेश र स्थानीय तहमा समन्वय संयन्त्र बनाउन प्रस्ताव

कृष्ण रिजाल/नयाँ पत्रिका

सरकारले आर्टिफिसियल इन्टेलिजेन्स (कृत्रिम बौद्धिकता) नियमनका लागि संघमा 'एआई नियमन परिषद्' र प्रदेश तथा स्थानीय तहमा 'समन्वय संयन्त्र गठन'को प्रस्ताव गरेको छ। 'राष्ट्रिय आर्टिफिसियल इन्टेलिजेन्स नीति २०८१' को मस्यौदामार्फत सरकारले यस्तो प्रस्ताव गरेको हो।

सूचना तथा सञ्चार प्रविधि मन्त्रालयले मंगलबार एआईसम्बन्धी नीतिको मस्यौदा सार्वजनिक गर्दै सरोकारावालासँग सुझाव माग गरेको हो। मस्यौदामा एआईको सुरक्षित प्रयोग एवं दिगो विकासका लागि कानुनी, संस्थागत र पूर्वाधार संरचना बनाइने उल्लेख छ। 'एआईको विकास र प्रयोगका लागि नैतिक दिशानिर्देश र अन्तर्राष्ट्रिय मान्यतासँग समेत अनुकूलन हुने गरी कार्य गर्न एक एआई नियमन परिषद् गठन गर्ने, एआईसम्बन्धी मुख्य निकायको रूपमा कार्य गर्न राष्ट्रिय एआई केन्द्र स्थापना गर्ने,' मस्यौदामा भनिएको छ, 'प्रदेश र स्थानीय तहमा एआईसम्बन्धी समन्वय र सहकार्य गर्ने संयन्त्र निर्माण गर्ने।' संघ र प्रादेशिकस्तरका विश्वविद्यालय र अध्ययन तथा अनुसन्धान गर्ने निकायमा एआईको अध्ययन, अनुसन्धान र विकासका लागि एआई एक्सिलेन्स सेन्टर स्थापना गर्न प्रोत्साहन गर्नेसमेत मस्यौदामा उल्लेख छ।

सरकारले गत असारमा पहिलोपटक एआईको प्रयोग तथा अभ्याससम्बन्धी अवधारणापत्र तयार गरेको थियो। विश्वव्यापी रूपमा एआईको विकास र प्रयोग बढ्दै गए पनि हालसम्म नेपालमा यससम्बन्धी कुनै नीति र कानुन बनेको छैन। मन्त्रालयले गठन गरेको प्राविधिक समितिले झन्डै पाँच महिना लामो अध्ययनपछि अवधारणापत्र तयार गरेको थियो। प्रतिवेदनले एआईको विकास, प्रयोग र नियमनका लागि सरकारले आवश्यक नीति, कानुन र कार्यविधि बनाउनुपर्ने सुझाव दिएको थियो। सोही अवसधारणाअनुसार सरकारले एआईसम्बन्धी नीतिनिर्माण गर्न लागेको हो। नेपालमा एआईलाई विभिन्न क्षेत्रमा प्रयोग गर्न, अनुसन्धान एवं विकासलाई व्यापकता दिन, सुशासन र सार्वजनिक सेवा सुधार गर्न, नयाँ व्यापारिक अवसर सिर्जना गर्न, नवप्रवर्तनलाई प्रवर्द्धन गर्न र एआई प्रविधिको नियमनमार्फत उक्त प्रविधिबाट हुन सक्ने जोखिम न्यूनीकरण गर्न एआईसम्बन्धी नीतिगत व्यवस्था गर्न आवश्यक रहेको मन्त्रालयले जनाएको छ।

जिडिपीमा एआईको योगदान बढाउने लक्ष्य

सरकारले देशको कुल गार्हस्थ्य उत्पादन (जिडिपी)मा एआईको योगदान बढाउने लक्ष्य लिएको छ। एआईसम्बन्धी नीतिको मस्यौदामा नवप्रवर्तन, उद्यमशीलताको प्रवर्द्धन, विद्यमान संरचनाहरूको सबलीकरण तथा क्षेत्रगत समन्वय र सहकार्यमार्फत जिडिपीमा एआई क्षेत्रको योगदान बढाउने लक्ष्य राखिएको छ। 'डाटाको सहज पहुँच, डाटा इकोसिस्टमको निर्माण, एआई साक्षरता तथा दक्षता अभिवृद्धि गर्दै दीर्घकालीन रूपमा शिक्षा, स्वास्थ्य, यातायात, पर्यटन, कृषि, वित्त, प्राकृतिक प्रकोप व्यवस्थापन, कला, मनोरञ्जनलगायतका क्षेत्रमा एआईको प्रयोगमार्फत आर्थिक, सामाजिक रूपान्तरण गर्न सक्ने देखिन्छ' मस्यौदामा उल्लेख छ।

मस्यौदामा एआई प्रणालीको विकास र सक्रिय, समावेशी तथा नैतिक प्रयोगबाट समुन्नत नेपालको निर्माण गर्ने दूरदृष्टि राखिएको छ। एआईको रूपान्तरणकारी सम्भावनालाई उपयोग गर्दै सामाजिक तथा आर्थिक वृद्धि हासिल गर्ने सरकारी ध्येय रहेको मस्यौदामा उल्लेख छ। 'सुरक्षित एवं दिगो एआई इकोसिस्टमको निर्माण गर्ने, एआईको क्षेत्रमा जनशक्ति विकास, अध्ययन, अनुसन्धान, नवप्रवर्तन र उद्यमशीलताको विकास गर्ने' मस्यौदाको उद्देश्यमा उल्लेख छ, 'एआईको प्रयोगमार्फत क्षेत्रगत विकास र सार्वजनिक सेवाको गुणस्तरमा सुधार गर्ने, एआई विकास एवं सुरक्षित प्रयोगका लागि समन्वय, सहकार्य, नियमन र अनुगमन गर्नु।'

प्राप्त सुझावलाई समेटेर राष्ट्रिय एआई नीतिलाई छिट्टै क्याबिनेट लैजानेछौँ

● **पृथ्वी सुब्बा गुरुङ**, सञ्चारमन्त्री

सरकारले एआईसम्बन्धी नीति तथा रणनीति बनाइरहेको छ। सञ्चार मन्त्रालयले एआईसम्बन्धी राष्ट्रिय नीतिको मस्यौदा तयार गरेको छ। अन्तिम खाका तयार गरेर सुझावका लागि सार्वजनिक गरेका छौँ। प्राप्त सुझावलाई समावेश गरेर एआईसम्बन्धी राष्ट्रिय नीतिलाई छिट्टै अन्तिम रूप दिएर क्याबिनेट लैजानेछौँ।

सुरक्षित एवं दिगो एआई इकोसिस्टमको निर्माणका लागि कानुनी र संस्थागत व्यवस्था गर्ने, एआई विकास र प्रयोगका लागि आवश्यक पूर्वाधार निर्माण एवं डाटा व्यवस्थापन गर्ने, एआईको क्षेत्रमा अध्ययन, अनुसन्धान, नवप्रवर्तन र उद्यमशीलतालाई प्रवर्द्धन गर्ने तथा एआईको क्षेत्रमा, जनशक्ति उत्पादन, क्षमता अभिवृद्धि र निरन्तर उपयोगिताको वातावरण चक्र निर्माण गर्ने सरकारको प्रस्तावित नीति छ।

यस्ता छन् प्रस्तावित रणनीति तथा कार्यनीति

प्रस्तावित नीतिमा सुरक्षित र दिगो एआई इकोसिस्टम बनाउन आवश्यक कानुन एवं मापदण्ड तर्जुमा गर्ने, एआईको अनुसन्धान, विकास, प्रयोग, नियमन र प्रवर्द्धन गर्न संस्थागत संरचना निर्माण गर्ने, एआईको विकास र प्रयोगका लागि आवश्यक डिजिटल पूर्वाधार निर्माण गर्नेलगायत रणनीति राखिएका छन्। एआईमार्फत हुन सक्ने मुलुकको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान र राष्ट्रिय स्वाधीनतामाथि हुन सक्ने सम्भावित चुनौतीको सामना गर्न र एआईको प्रविधि, पूर्वाधार, जनशक्ति आदिको विकास, प्रयोग र नियमनका लागि कानुन निर्माण गर्ने प्रस्तावित नीतिमा उल्लेख छ।

■ तल्ला तहलाई नीति बुझाउन कांग्रेसको प्रशिक्षण

शीर्ष नेताहरूलाई आन्तरिक कलहकै चिन्ता

पोखरामा **रोहितराज पराजुली**
काठमाडौंमा **केशवप्रसाद पाण्डे**

कांग्रेसले पार्टी नीतिबारे तल्ला तहलाई बुझाउन प्रशिक्षण थालेको छ। कांग्रेसले पोखरामा प्रदेश र जिल्ला तहमा अभिमुखीकरणमार्फत संगठन र समसामयिक विषयमा नीतिगत स्पष्टताका लागि अभियान थालेको हो। मंगलबारबाट जिल्ला सभापति र प्रशिक्षण विभाग प्रमुखहरूलाई दुईदिने अभिमुखीकरण कार्यक्रम सुरु भएको हो।

कांग्रेस केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको आयोजना र कांग्रेस कास्कीको व्यवस्थापनमा भएको कार्यक्रमको सोमबार सभापति शेरबहादुर देउवाले उद्घाटन गरे। उनले नीतिगत रूपमा पार्टीलाई एक गराएर जान सकेमा हाल ठुलो पार्टी रहेको कांग्रेसलाई बहुमतनजिक पुर्‍याउन सकिने बताए। देउवालाई आन्तरिक कलहकै चिन्ता थियो। उनले मतभेद बिर्सिएर हिँडे बहुमत ल्याउन सकिने भन्दै नेता कार्यकर्तालाई निर्देशन दिए।

'पार्टीमा एकता जरुरी छ, सबैलाई साथ लिएर हिँड्न जरुरी छ। चुनौतीको सामना गर्न पनि एक हुनुपर्छ,' उनले भने, 'हाम्रो देशमा सुन्दर राजनीति छ, समानुपातिक र समावेशी छ। यो उत्तम व्यवस्था हो।' कांग्रेसले सोमबार सातै प्रदेशका सभापति र प्रदेश प्रशिक्षण विभाग प्रशिक्षण विभागलाई प्रशिक्षण दिएको थियो।

कांग्रेस केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानका प्रमुख एवं पार्टीका उपसभापति पूर्णबहादुर खड्काले पार्टीले गरेका कामलाई जनस्तरमा स्थापित गर्न अभिमुखीकरण र छलफल आवश्यक रहेको बताए। उनलाई पनि आन्तरिक द्वन्द्वकै चिन्ता थियो। उनले यस्ता विषयलाई बिर्सेर जानसके कांग्रेसले परिणाम ल्याउने धारणा राखे। 'सार्वजनिक स्थानमा पार्टीका एक नेताले अर्को नेतालाई लल्कार्ने काम बन्द गर्नुपर्छ। केही असहमति भए बन्द कोठामा बसौँ, छलफल गरौँ, कुरा राखौँ, मन पखालौँ, विवाद गरौँ, तर बाहिर एकले अर्कोलाई सम्मान गर्ने गरी अगाडि बढ्न आवश्यक छ। जनताले कांग्रेसबाट धेरै आशा र अपेक्षा गरेकाले उनीहरूको भरोसा नटुट्ने गरी काम गर्नुपर्छ,' उनले भने। खड्काले पार्टीको प्रशिक्षण पुस्तिका निर्माणका लागि तयार गरिएको 'ड्राफ्ट' छलफल एवं सुझाव संकलनका लागि सरोकारवाला निकायहरूमा पठाइसकेको बताए। आएका सुझाव संकलनपछि तयार गरिएको 'ड्राफ्ट'लाई माघ मसान्तभित्र अन्तिम रूप दिने उनको भनाइ थियो।

पोखरामा आयोजित दुईदिने कांग्रेस अभिमुखीकरण कार्यक्रम

■ देउवाले भने- ओलीलाई अविश्वास गर्नुपर्ने कारण छैन

कांग्रेस सभापति शेरबहादुर देउवाले एमाले अध्यक्षसमेत रहेका प्रधानमन्त्री केपी ओलीलाई अविश्वास गर्नुपर्ने कुरा नरहेको बताएका छन्। अभिमुखीकरण कार्यक्रमलाई सम्बोधन गर्दै उनले कांग्रेस र एमाले प्रतिस्पर्धी पार्टी भए पनि ओलीप्रति अविश्वास गर्नुपर्ने कारण नरहेको बताएका हुन्। विद्यार्थीकालदेखि लडेको र जेल बस्दाको समय स्मरण गर्दै देउवाले ओलीलाई अविश्वास गर्नुपर्ने कारण नरहेको जिकिर गरे। 'ओलीजी र हामी सँगै जेलमा बसेको साथी हौँ। त्यो समय धेरै दुःख र कष्ट थियो, छुट्ने सम्भावना हुँदैनथ्यो,' उनले भने, 'उहाँलाई त झापाकाण्डको कारण देखाएर जेलभित्रको पनि जेल गोलघरमा राखियो।' देउवाले एमाले र कांग्रेसबिच लामो सहकार्य हुन सके देशमा राजनीतिक स्थिरता स्थापित हुन सक्ने दाबीसमेत गरे। 'एमाले र कांग्रेसबिच धेरै वर्षसम्म सहकार्य हुन सके राजनीतिक स्थिरता स्थापित हुन सक्छ, राजनीतिक स्थिरता नभएमा देश अगाडि बढ्ने नभई कति दिन चल्ने हो सरकार, कति दिन टिक्ने हो सरकार, कहिले ढल्ने हो सरकार भन्ने अवस्था रहने भएकाले कुनै पनि सरकारले काम गर्न सक्दैन, सरकारको आयु नै निश्चित हुँदैन,' उनले थपे, 'अहिले दुईवटा पार्टी मिलेर सरकार बनेको छ, यसको स्थायित्व स्पष्ट छ।' कांग्रेस र एमाले लोकतन्त्र र स्थिरताका लागि सँगै लडेका पार्टी भएकाले विश्वासका साथ चल्नुपर्नेमा देउवाको जोड थियो।

■ डिजिटल संरचनाको प्रस्ताव

प्रतिष्ठान सदस्य डा. कृष्णप्रसाद पौडेलका अनुसार अभिमुखीकरण कार्यक्रममा मंगलबार चारवटा कार्यपत्र प्रस्तुत भएका थिए। प्रतिष्ठानका तर्फबाट मंगलबार पेस गरिएको कार्यपत्रमा 'डिजिटल टिम' प्रस्ताव गरिएको छ। प्रतिष्ठानका तर्फबाट सदस्य विश्वदीप लामिछानेले बन्दसत्रमा पेस गरेको 'संगठन विस्तारमा प्रविधिको प्रयोग र प्रभाव' विषयक कार्यपत्रमा केन्द्र, प्रदेश, जिल्ला र स्थानीय तहमा डिजिटल संरचनाको प्रस्ताव गरिएको हो। प्रस्तावमा पछिल्लो समय सामाजिक सञ्जालको प्रयोगकर्ता उल्लेख्य रहेकाले सामाजिक सञ्जाल कार्यकर्ता र मतदातासँगको सहज पहुँचमा रहन र संगठन निर्माण, नीति प्रवर्द्धन र पार्टीको बचाउका लागि महत्त्वपूर्ण रहेको उल्लेख गरिएको छ।

प्रतिष्ठान सदस्य पौडेलले प्रस्तुत गरेको 'कांग्रेस नेतृत्वमा भएका आर्थिक सामाजिक विकास' नामक कार्यपत्रमा राजनीतिमा त्याग र निष्ठा कम भएको भन्दै कांग्रेसले यसतर्फ ध्यान दिनुपर्ने उल्लेख गरिएको छ। प्रतिष्ठान निर्देशक डा. जगदीशचन्द्र पोखरेलले 'लोकतान्त्रिक समाजवाद-नेपाली कांग्रेसको आर्थिक नीति र अभ्यास' र कार्यकारी निर्देशक डा. बुद्धिमान श्रेष्ठले 'संघीयता कार्यान्वयनको अवस्था र कांग्रेसको दायित्व' विषयक कार्यपत्र प्रस्तुत गरेका थिए।

कार्यपत्रपछि महामन्त्री विश्वप्रकाश शर्माले समसामयिक विषयमा र महामन्त्री गगन थापाले सांगठनिक विषयमा प्रशिक्षण दिएका थिए। पौडेलका अनुसार बुधबार सात समूहमा विभाजन गरी तीन घण्टा छलफल गर्ने र कार्यक्रम समापन गरिनेछ। 'मंगलबार कार्यपत्र र महामन्त्रीद्वयले प्रशिक्षण दिनुभयो। बुधबार समूहगत छलफलबाट निष्कर्षमा पुग्नेछौँ,' उनले भने।

■ सहभागी भएनन् शेखर

केन्द्रदेखि जिल्लासम्मका पदाधिकारीदेखि केन्द्रीय नेताहरू पोखराकेन्द्रित हुँदा इतरसमूहका नेता डा. शेखर कोइराला भने सहभागी भएनन्। पार्टीले जानकारी नगराएकाले कोइराला सहभागी हुन नसकेको उनको सचिवालयले दाबी गरेको छ।

कोइरालाका स्वकीय सचिव दिनेशचन्द्र थपलियाले कार्यक्रममा सहभागिताका लागि समयमा कुनै जानकारी नआएकाले कोइराला पोखराको कार्यक्रममा सहभागी नभएको बताए। 'सोमबार बिहान १० बजेआसपास मात्रै मुख्यसचिवबाट खबर आयो,' उनले भने, 'जबकि त्यतिवेला पोखरामा प्रदेश सभापतिहरूका लागि अभिमुखीकरण कार्यक्रम थियो। त्यो त कार्यक्रममा सहभागिताका लागि जानकारी नआएकोसरह हो। त्यसैले जान सम्भव भएन।'

तल्लो तहसम्म पुर्‍याइयो क्रियाशील सदस्यता फाराम

कांग्रेस महाधिवेशनको पहिलो सर्त मानिएको क्रियाशील सदस्यता नवीकरणका लागि पहिलो चरणमा सदस्यता फाराम तल्लो तहसम्म पुगेका छन्। महामन्त्री गगन थापा संयोजकत्वको सदस्यता व्यवस्थापन केन्द्रीय समितिले कार्यतालिकाअनुसारको समयावधि १५ माघभित्र नवीकरण फाराम र क्रियाशील सदस्यको विवरण तल्लो पुर्‍याइएको जनाएको छ।

समिति सदस्य योगेन्द्र चौधरीका अनुसार १५ माघभित्र नवीकरण फाराम र क्रियाशील सदस्यको विवरण तल्लो तहसम्म पुर्‍याउने र २९ चैतभित्र नवीकरणको टुंगो लगाउने समयसीमाअनुसार काम अगाडि बढेको हो। उनले फाराम नपुगेको विषयमा कुनै गुनासो केन्द्रमा नआएको बताए।

कार्यतालिकामा एकभन्दा बढी प्रतिनिधिसभा क्षेत्र भएको जिल्लालाई १२ माघभित्र, एक मात्र प्रतिनिधिसभा क्षेत्र भएको जिल्लाले १३ माघभित्र, पालिकालाई क्रियाशील सदस्यहरूको नामावली १४ माघसम्म अनिवार्य बुझाइसक्नुपर्ने र पालिकाले १५ माघसम्ममा क्रियाशील सदस्यता नवीकरण फाराम र क्रियाशील सदस्यको नामावलीको विवरण पठाइसक्नुपर्ने समयावधि निर्धारण गरिएको थियो। यसपछि नवीकरणको अन्तिम टुंगोको प्रक्रिया सुरु हुनेछ। जसअनुसार १ फागुनभित्र वडाले क्रियाशील सदस्यता नवीकरण सकेर पालिका कार्यसमितिमा विवरण र नवीकरण शुल्क बुझाइसक्नुपर्नेछ।

■ एचपिभी खोप अभियान सुरु

१५ दिनभित्र लगाइसकिने

काठमाडौं/ पाठेघरको क्यान्सरविरुद्ध मंगलबारदेखि खोप अभियान सुरु गरिएको छ। प्रधानमन्त्री केपी ओलीले बालुवाटारस्थित शिवपुरी उच्च मावि खोप केन्द्रमा खटिएका काठमाडौं महानगरपालिका- ३ का स्वास्थ्यकर्मीलाई स्वास्थ्य सामग्री हस्तान्तरण गरेर अभियान शुभारम्भ गरे। ६ फागुनसम्म देशभरि एकैपटक यो अभियान सञ्चालन हुँदै छ। देशभरका विद्यालयमा अध्ययनरत कक्षा ६ देखि १० सम्मका छात्रा र विद्यालयबाहिर रहेका १० देखि १४ वर्ष उमेरका १६ लाख ८८ हजार ७६८ जना बालिकालाई यो खोप दिन सुरु गरिएको छ। खोप सुरक्षित र प्रभावकारी भएकाले ढुक्क भएर लगाउन स्वास्थ्य मन्त्रालयले अनुरोध गरेको छ। पाठेघरको मुखको क्यान्सर ह्युमनपापिलोमा भाइरस संक्रमणले हुन्छ। नेपालमा महिलामा हुने विभिन्न क्यान्सरमध्ये पाठेघरको मुखको क्यान्सर दोस्रो स्थानमा छ। खोप अभियानका क्रममा पालिकाहरूले आ-आफ्नो कार्यतालिका बनाएर १५ दिनभित्र खोप लगाइसक्नुपर्नेछ। यो अभियानका लागि १७ लाख ७० हजार २० डोज खोप आएको छ।

बेलायती राजकुमार एडवार्ड नेपालमा

पर्शुराम काफ्ले/नयाँ पत्रिका

नेपाल भ्रमणमा आएका बेलायती राजकुमार एडवार्डले राष्ट्रपति रामचन्द्र पौडेलसँग ब्रिटिस गोर्खा र जलवायु परिवर्तनबारे छलफल गरेका छन्। मंगलबार अपराह्न शीतलनिवासमा भएको ३५ मिनेटको भेटवार्तामा पौडेलले स्थापित द्विपक्षीय संयन्त्रमार्फत गोर्खा सैनिकको जायज माग पूरा हुने विश्वास व्यक्त गरेका छन्।

'जलवायु परिवर्तन र ब्रिटिस गोर्खा सैनिकको पेन्सनका सन्दर्भमा छलफल भयो। राष्ट्रपतिको स्तरबाट नेपालले बेलायतको राजपरिवारका सदस्यलाई ब्रिटिस गोर्खाको मागबारे चासो व्यक्त हुनुलाई हामीले महत्त्वपूर्ण मान्नुपर्छ,' राष्ट्रपति पौडेलका परराष्ट्र मामिला सल्लाहकार डा. सुरेशचन्द्र चालिसेले भने। राष्ट्रपति पौडेलले नेपाली नागरिक र आफ्नातर्फबाट राजा चार्ल्सको व्यक्तिगत सुख एवं सुस्वास्थ्यका लागि शुभकामना व्यक्त गरे।

राष्ट्रपति भवन शीतलनिवास कुनै समय नेपाल सरकारको राजकीय अतिथिगृहका रूपमा रहँदा अधिराजकुमार एडवार्डकी आमा बेलायतकी महारानी एलिजावेथ द्वितीया त्यहीँ बसेकी थिइन्। राष्ट्रपति पौडेलले यो स्मरण गराउँदै उनलाई 'तपाईंलाई शीतलनिवासमा स्वागत छ' भनेको चालिसेले बताए।

बेलायतको राजपरिवारका सदस्यबाट नेपाल आउने प्रयास भइरहेको र नेपाल आउँदा आफूलाई अत्यन्त खुसी लागेको एडवार्डले बताएका थिए। राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलका अनुसार एडवार्डले ब्रिटिस सेनामा नेपालले भर्तीका लागि दिएको स्वीकृतिका लागि आभार प्रकट गर्दै दुई देशको सम्बन्धमा ब्रिटिस गोर्खा सैनिक कोसेढुंगा रहेको उल्लेख गरेका थिए। एडवार्डले नेपाल बेलायतबिच भविष्यमा सहयोगको आदानप्रदान गर्दा युवा र महिला सशक्तीकरणको विषय सान्दर्भिक हुने पनि बताएका थिए।

राष्ट्रपति पौडेलले बेलायतका राजपरिवारका सदस्यहरूबाट विभिन्न समयमा हुँदै आएका नेपाल भ्रमणले दुई देशबिच रहिआएको सुमधुर सम्बन्धलाई अझ मजबुत पार्न योगदान दिएको बताएका थिए। बेलायतकी महारानी एलिजाबेथ द्वितीया र राजकुमार फिलिपबाट सन् १९६० र १९८६ मा नेपालको राजकीय भ्रमण पौडेलले स्मरण गरे। नेपालको चौतर्फी विकासमा सहयोग पुर्‍याउँदै आएकोमा बेलायतलाई धन्यवाद दिए।

नेपाल भ्रमणका लागि एडवार्ड धर्मपत्नी सोफियासहित मंगलबार काठमाडौं आएका हुन्। एडवार्ड दिल्लीबाट र सोफिया लन्डनबाट बेग्लाबेग्लै समयमा काठमाडौं आएका थिए। उनीहरूलाई परराष्ट्रसचिव अमृतबहादुर राईले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा स्वागत गरेका थिए।

एडवार्डले नेपालमा जलवायु परिवर्तनले पारेको असर र त्यसको न्यूनीकरणमा नेपालले गरेको प्रयासबारे भ्रमणका क्रममा जानकारी हुने विश्वास व्यक्त गरेका थिए। भ्रमणका क्रममा प्रकृति कति जोखिम अवस्थामा छ र हिमालमा जलवायु परिवतर्नले कस्तो असर पारेको छ भनेर जान्न चाहेको उनको भनाइ थियो।

राष्ट्रपति पौडेलले जलवायु परिवर्तन आज विश्वको प्रमुख चिन्ताको विषय भएको र यसको मारमा नेपाल परेको उल्लेख गर्दै नेपालले अन्तर्राष्ट्रिय मञ्चमा हिमाल संरक्षणको विषयलाई प्रमुखताका साथ आवाज उठाउँदै आएको बताए। यही सन्दर्भमा नेपालले आगामी २ देखि ४ जेठसम्म सगरमाथा संवाद आयोजना गर्न लागेको र त्यसको प्रमुख विषय 'जलवायु परिवर्तन, हिमाल र मानवको भविष्य' रहेको राष्ट्रपतिले बताएका थिए। 'भेटवार्ताले बेलायत-नेपाल ऐतिहासिक सम्बन्धको न्यानोपन र गहिराइका साथै सम्बन्धको आधारशिलाको रूपमा गोर्खाहरूको भूमिकाप्रति बेलायतमा रहेको ठुलो सम्मानलाई प्रकाश पारेको छ,' नेपालस्थित बेलायती दूतावासले मंगलबार जारी गरेको विज्ञप्तिमा भनिएको छ।

गोर्खा ब्रिगेडको वार्षिक प्रतिवेदन, यही साता नयाँ भर्ती

राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष बेलायती सेनाको गोर्खा-ब्रिगेडका प्रमुख मेजर-जनरल जेराल्ड स्ट्रिकल्यान्डले मंगलबार शीतलनिवासमा ब्रिगेड अफ गोर्खाको सन् २०२४ को वार्षिक प्रतिवेदन पेस गरे। राष्ट्रपति पौडेलले ब्रिटिस गोर्खा सैनिक दुई देशको सम्बन्धको महत्त्वपूर्ण कडी रहेको बताए। 'यसले हाम्रो जनस्तरको सम्बन्धलाई थप सुदृढ गर्न पनि यसले महत्त्वपूर्ण योगदान पुर्‍याएको छ,' प्रेस सल्लाहकार पोखरेलले भने। कर्णेल कमान्डेन्ट जेराल्डले यही साता पोखरामा २७४ जना ब्रिटिस गोर्खाका लागि भर्ती हुने जानकारी दिएका थिए। पोखरामा हुने पासआउट परेडमा अधिराजकुमारदम्पती सहभागी हुने कार्यक्रम रहेको नेपालस्थित बेलायती दूतावासले जनाएको छ।

नेपाल सरकार
संचार तथा सूचना प्रविधि मन्त्रालय
हुलाक सेवा विभाग
गोश्वारा हुलाक कार्यालय
डिल्लीबजार, काठमाडौं

प्रकाशित मिति : २०८१/१०/२३

यस कार्यालयबाट मिति २०८१/०९/०३ गते प्रकाशित Electronic Bids तथा नयाँ पत्रिका दैनिकमा प्रकाशित सूचना अनुसार रितपूर्वक दर्ता भएका बोलपत्र मध्ये न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही तपसिल बमोजिमको बोलपत्र स्वीकृतीका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) र (३) को प्रयोजनार्थ यस कार्यालयको २०८१/१०/२२ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

सि. नं	बोलपत्र नं	विवरण	छनौट गरिएको बोलपत्रदाता	कुल रकम रु (भ्याट सहित)
1	PODTGPM/GPO/G/NCB/-1-81/82	Procurement of different types of goods and printing materials	R.B Publication & Stationary Pvt.Ltd. Samakhusi -29 Kathmandu	15,90,164.25

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
तारा गाउँ विकास समिति

उत्कृष्ठ होमस्टे छनौटको लागि विवरण उपलव्ध गराउने सूचना

(सुचना प्रकाशित मितिः २०८१।१०।२३)

समितिको आर्थिक वर्ष २०८१।८२ को स्वीकृत कार्यक्रम पर्यटन पूर्वाधार कार्यक्रम अन्तर्गत देशभर सञ्चालनमा रहेका सामुदायिक होमस्टेहरु मध्येवाट उत्कृष्ट छनौट हुने प्रथम, द्बितिय तथा तृतिय होमस्टेहरुलाई क्रमशः नगद रु.१ लाख, रु.७५ हजार र रु.५० हजार नगद (नियमानुसार कर कट्टी गरि) पुरस्कारवाट सम्मानित गरिने कार्यक्रम रहेकोले नेपाल सरकारको नीति नियम बमोजिम सञ्चालनमा रहेका सामुदायिक होमस्टेहरुवाट कम्तीमा ३ (तीन) वर्षको तपशिल बमोजिमको विवरण यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र समितिको ईमेल-tgdboard@gmail.com मा वा समितिको केन्द्रीय कार्यालयमा पठाउनु हुन सम्बन्धित सवै होमस्टे सञ्चालकहरुमा सुचित गरिन्छ। साथै रीत नपुगेको तथा समय भित्र प्राप्त नभएका होमस्टेहरुको विवरणहरुलाई उत्कृष्ठ होमस्टे छनौट प्रक्रियामा सहभागी गराईने छैन। पूरस्कार वितरण सम्बन्धी सम्पूर्ण आधिकार समितिमा रहनेछ।

तपशिल

(क) होमस्टेको नाम र युनिट (घर) संख्या (ख) कोठा संख्या (ग) शैया संख्या (घ) भौतिक पूर्वाधारको वर्तमान अवस्था (ङ) वार्षिक आम्दानी (च) भ्रमण प्याकेज (छ) मौलिक कला संस्कृति (ज) पर्यटकीय सेवा सुविधा (झ) साँस्कृतिक गतिविधि (ञ) होमस्टे प्रचार प्रसार गतिविधि (ट) वार्षिक पर्यटक आगमन संख्या (ठ) पर्यटकीय आकर्षण (ड) स्थानीय कृषि उत्पादन र उपयोग (ढ) महिला रोजगारी सिर्जनाको अवस्था (ण) लगातार होमस्टे संचालनमा आएको ३ (तीन) वर्षको विवरण

तारा गाउँ विकास समिति
सहभागिता मार्ग, मध्यवानेश्वर, काठमाण्डौ
सम्पर्क नं.०१-५१७२०२३

आमाको नाममा नागरिकताको सकस

आमाको नाममा नागरिकता प्राप्त गर्ने अधिकार सुनिश्चित गर्न कानुन संशोधनसँगै कार्यप्रणाली र सोचमा समेत परिवर्तन आवश्यक छ

• मेघराज शंकर

अग्रलेख

नेपाल सरकारले हालै नागरिकता ऐनलाई संशोधन गर्न बनेको विधेयकलाई प्रतिनिधिसभामा दर्ता गरेको छ। ऐनको संशोधित प्रावधानले मूलतः आमाको नामबाट नागरिकता प्राप्त गर्न सहज हुने अपेक्षा गरिएको छ। नागरिकताको विषयमा आवाज उठाउँदै आएका राजनीतिक नेता र सो विषयमा बहस तथा पैरवी गरिरहेका विभिन्न संघसंस्था यसबाट उत्साहित भएका छन् भने हालसम्म नागरिकता नपाएर प्रताडित भएका व्यक्तिमा आशा पलाएको छ। नागरिकताका सवालमा सुनिश्चित गरिएका अपर्याप्त वैधानिक प्रावधान, कानुनमा रहेको अस्पष्टता र कमजोर नागरिकता प्रशासनका कारण आमाको नाममा नागरिकता प्राप्त गर्न अझै पनि अपेक्षाकृत रूपमा सहज बन्ने अवस्था भने छैन।

नेपालको संविधानले कुनै पनि नेपाली नागरिकलाई नागरिकताबाट वञ्चित नगरिने उल्लेख गर्दै नागरिकतासम्बन्धी अधिकारको सुनिश्चित गरेको छ। संविधानमा महिला र पुरुष दुवैको वंशीय अधिकार उल्लेख छ। संविधानको धारा १२ मा वंशीय आधार तथा लैंगिक पहिचानसहितको नागरिकतासम्बन्धी व्यवस्था छ। जसअनुसार वंशजका आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिले निजको आमा वा बाबुको नामबाट लैंगिक पहिचानसहितको नेपालको नागरिकताको प्रमाणपत्र पाउने उल्लेख छ। वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिलाई आमा वा बाबुको थर र ठेगानामध्ये निजले रोजेको थर र ठेगाना उल्लेख गरी नागरिकता दिन सकिने व्यवस्था पनि संविधानमा छ। तर, संविधानले विवाह सम्बन्धका आधारमा महिला र पुरुषको वंशीय हैसियत फरक गरेको छ र बाबुलाई मात्र वंश स्वीकार गरेको अवस्था छ। नेपाली नागरिक बाबु र विदेशी महिलाबाट जन्मेका सन्तानले वंशजको नेपाली नागरिकता पाउने, तर नेपाली नागरिक आमा र विदेशी नागरिक बाबुबाट जन्मेका सन्तानले वंशजको नागरिकता नपाई अंगीकृत नागरिकता पाउने व्यवस्था गरेर वैवाहिक सम्बन्धकै आधारमा महिलालाई वंशीय हकबाट विमुख गरिएको छ। यस प्रकारको संवैधानिक प्रावधानले गर्दा वंशजको नागरिकता प्राप्त गर्न बाबु नेपाली नागरिक हुनैपर्ने प्रतिबन्धात्मक व्यवस्था गरेको छ। यो संवैधानिक व्यवस्था संविधानको धारा ३८ को महिलाको हकअन्तर्गत प्रत्येक महिलालाई लैंगिक भेदभावविना समान वंशीय हक हुनेछ भन्ने प्रावधानसँग विरोधाभाषी मात्र छैन, महिलाको अधिकारका सवालमा विभेदकारीसमेत छ। आमाका नामबाट वंशजको नागरिकता दिलाउन नसक्नुमा यो एउटा ठुलो संवैधानिक अवरोध हो।

हालै संसद्मा प्रस्तुत विधेयकमा नेपाल नागरिकता ऐन ०६३ को दफा ३, ४, ५, ८ र १८ लाई संशोधन गरी आमाका नामबाट नागरिकता र जन्मको आधारमा नागरिकता लिने प्रक्रियालाई सहज गराउने गृह मन्त्रालयका सचिवलाई थप उत्तरदायी बनाउने अधिकार प्रत्यायोजनका विषयमा लचकता अपनाई सेवा प्रवाहलाई समेत समेट्न खोजेको देखिन्छ। विधेयकमा प्रस्ताव गरिएका दुईवटा प्रावधानले आमाको नामबाट नागरिकता दिने विषयलाई सहज बनाउने भनिएको छ। पहिलो नेपाल नागरिकता ऐन २०६३ को दफा ३ मा संशोधन गरी कुनै व्यक्तिको जन्मदर्ता वा शैक्षिक योग्यताको प्रमाणपत्र वा अन्य कुनै प्रमाणपत्रमा बाबुको नाम उल्लेख भए पनि निजको बाबुको अन्य पहिचान नखुलेको र हाल सम्पर्कमा नरहेको भनी निजले स्वघोषणा गरेमा त्यस्तो व्यक्तिको बाबुको पहिचान नभएको मानिनेछ र निजले वंशजका आधारमा नेपालको नागरिकता प्राप्त गर्ने उल्लेख छ। दोस्रो दफा (५) मा संशोधन गरी नेपालको नागरिक आमाबाट विदेशमा जन्म भई नेपालमा बसोवास गरेको, विदेशको नागरिकता वा राहदानी नलिएको र बाबुको पहिचान नभएको व्यक्तिले तोकिएबमोजिम स्वघोषणा गरेमा अंगीकृत नेपाली नागरिकता प्राप्त गर्न सक्ने व्यवस्था गरिएको छ। यसले वैदेशिक रोजगारीमा जाँदा यौन हिंसामा परेका महिलाले जन्माएका सन्तानलाई नागरिकता दिलाउने कानुनी आधार स्पष्ट गरेको छ।

सरसर्ती हेर्दा नागरिकता ऐनमा गरिएको संशोधन प्रस्तावले आमाको नामबाट नागरिकता दिन सहजजस्तो देखिएको छ। त्यसैले, यो व्यवस्था लागू भएपश्चात् आमासँग रहेका सन्तानले नागरिकताविहीन हुनुनपर्ने भनी प्रचार गरिएको छ। यसमा स्पष्ट के छ भने बाबुको पहिचान नभएको व्यक्तिलाई आमाको नामबाट वंशजको नागरिकता दिन ऐन संशोधन नभए पनि विद्यमान व्यवस्थाले रोकेको छैन, तर बाबु विदेशी भएको पहिचान भएका र बाबु सम्पर्कमा नभएको व्यक्तिलाई यो व्यवस्थाले समेट्न सक्दैन। कुनै व्यक्तिले बाबु सम्पर्कमा नभएको स्वघोषणा गरेपछि नागरिकता जारी गर्ने अधिकारीले आधिकारिकता पुष्टि गर्दा बाबु विदेशी रहेछ भने वंशजको नागरिकता दिन मिल्दैन, अंगीकृत नागरिकता दिन सकिन्छ। अर्कातर्फ विदेशी बाबु हुँदाहुँदै सम्पर्कमा नरहेको वा पहिचान नभएको भनेर स्वघोषणा गरेमा झुटा विवरण पेस गरेको कसुरमा सजायको समेत व्यवस्था भएकाले बाबुको राष्ट्रियता यकिन हुनैपर्ने अवस्था छ।

यसका साथै, नेपालको नागरिक आमाबाट विदेशमा जन्म भई नेपालमा बसोवास गरेको, विदेशको नागरिकता वा राहदानी नलिएको र बाबुको पहिचान नभएको व्यक्तिलाई अंगीकृत नेपाली नागरिकता प्रदान गर्न सकिने व्यवस्था गरिएको भए पनि यो प्रावधानबमोजिम नागरिकता लिनु सर्वसाधारणको पहुँचबाहिर हुनेछ। किनकि, नेपाल नागरिकता नियमावली २०६३ अनुसार नेपाली आमा र विदेशी बाबुको सन्तानलाई दिइने अंगीकृत नागरिकता गृह मन्त्रालयबाट मात्र जारी गर्ने व्यवस्था छ। नियमावलीमा संशोधन गरेर यस्तो अंगीकृत नागरिकता जिल्ला प्रशासनबाटै जारी हुने व्यवस्था गरिएन भने ऐनको संशोधित व्यवस्थाले राजनीतिक खपत त होला, तर नागरिकले ऐनमा भनेजसरी न त वंशजको नागरिकता पाउँछन् न त अंगीकृत नै। सर्वसाधारण नागरिकका लागि अंगीकृत नागरिकता लिन सिंहदरबारमा रहेको गृह मन्त्रालय कति सहज र पहुँचयोग्य होला, सहजै अनुमान लगाउन सकिन्छ।

> बाबुको पहिचान नभएको व्यक्तिलाई आमाको नामबाट वंशजको नागरिकता दिन ऐन संशोधन नभए पनि विद्यमान व्यवस्थाले रोकेको छैन, तर बाबु विदेशी भएको पहिचान भएका र बाबु सम्पर्कमा नभएका व्यक्तिलाई नयाँ व्यवस्थाले समेट्न सक्दैन

आमाको नामबाट नागरिकता दिने विषयमा संविधानभन्दा ऐनमा कडाइ गर्ने, ऐनभन्दा नियमावलीमा जटिलता थप्ने र नियमावलीमा भन्दा अधिकार प्राप्त अधिकारीको स्वविवेकीय अधिकारले झन् कठिनाइ उत्पन्न गराइरहेको अवस्था छ। कुनै पनि व्यक्तिको आमा वा बाबु नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्तिले वंशजको नागरिकता पाउने भन्ने संविधानको नागरिकतासम्बन्धी मूल मर्म र वंशजका आधारमा नागरिकता लिने व्यक्तिलाई आमा वा बाबुको ठेगानामध्ये निजले रोजेको थर र ठेगाना उल्लेख गरी नागरिकता दिन सकिने व्यवस्था आमाको ठेगानाबाट नागरिकता जारी गर्ने विषयलाई नियमावलीले समेट्न सकेको छैन। नागरिकता जारी गर्दा बाबुको ठेगानाको स्थानीय तहबाट सिफारिस भई सोही ठेगानाको जिल्लाबाट जारी गर्ने अभ्यास छ।

यसका अतिरिक्त आमाको वैवाहिक सम्बन्धका आधारमा वंशजको नागरिकता प्राप्त गर्न बाबु चाहिँ नेपाली नागरिक हुनैपर्ने अवस्था सिर्जना गरिएको छ। कुनै पनि व्यक्तिको आनुवंशिक बनोटमा बाबु र आमाको बराबर योगदान हुन्छ भन्ने प्राकृतिक तथा जैविक नियमलाई बेवास्ता गर्दै रगतको नाताका आधारमा दिने वंशजको नागरिकतामा बाबुको मात्र भूमिकालाई मान्यता दिइएको छ। यस्तो व्यवस्था प्राकृतिक एवं जैविक नियमविपरीत देखिन्छ। यससँगै संविधान र नागरिकता ऐनमा भएको नेपाली आमा र विदेशी बाबुबाट जन्म भई नेपालमै बसोवास गरेको व्यक्तिलाई अंगीकृत नागरिकता दिन सक्ने विधायिकी मनसायलाई बंग्याएर नेपाल नागरिकता नियमावलीमा यस्तो अंगीकृत नागरिकता गृह मन्त्रालयले जारी गर्ने प्रावधान राखेर संविधान र ऐनको व्यवस्थालाई नियमावलीले काट्ने, खुम्च्याउने गरिएको छ। कानुन निर्माणका क्रममा प्रत्यायोजित विधायनले विधायिकी कानुन र मनसायलाई अवमूल्यन गरेका कारण नागरिकता प्राप्तिमा कठिनाइ उत्पन्न भएको छ। नागरिकता जारी गर्ने विषयमा प्रत्यायोजित विधायनसँगै नागरिकता जारी गर्ने अधिकारीको स्वविवेकीय अधिकार तथा निर्णय पनि महत्त्वपूर्ण छ। नेपाल नागरिकता ऐन तथा नियमावलीले नागरिकता जारी गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई दिएको छ। त्यसैले, स्पष्ट कानुनी व्यवस्था हुँदाहुँदै पनि प्रमुख जिल्ला अधिकारी (प्रजिअ) को कार्यानुभव, निर्णय गर्ने क्षमता, कानुनप्रतिको बुझाइको स्तरका कारण नागरिकले नागरिकता प्राप्त गर्न सक्ने या नसक्ने विषय निर्भर हुन्छ। कतिपय प्रजिअको कमजोर कार्यक्षमताका कारण नागरिकले हैरानी व्यहोर्ने तथा नागरिकताबाट वञ्चित हुनुपर्ने अवस्था विद्यमान छ। प्रायः जिल्ला प्रशासन कार्यालयमा नागरिकतासम्बन्धी जटिल प्रकृतिको निवेदन दर्ता नै हुँदैन। यो भएन, त्यो भएन भनेर ओठे जवाफ नै फर्काउने गरिएको छ। कानुनतः सम्बन्धित कार्यालय वा अधिकारीलाई सम्बोधन गरेर पेस गरेको निवेदन दर्ता गर्नु कार्यालयको दायित्व हो। निर्णय पन्छाउनु पनि गलत निर्णय गर्नुजत्तिकै अनुचित कार्य हो भनेर स्वविवेकीय अधिकार प्राप्त अधिकारीलाई उत्तरदायी नबनाएसम्म असल कानुन बने पनि कार्यान्वयन पक्ष कमजोर नै रहन्छ।

नागरिकता ऐनले प्रजिअले नागरिकतासम्बन्धी समस्या पन्छाउन सक्ने तथ्य दृष्टिगत गरेरै नागरिकताका लागि प्राप्त भएको निवेदन बुझी नागरिकता पाउन अयोग्य भएमा कारणसहित जानकारी दिनुपर्ने व्यवस्था गरेको छ। यो कानुनी व्यवस्था धेरै प्रजिअले पालना गर्दैनन्। वंशजको नागरिकताका लागि वंशजको प्रमाण कागजात पेस गर्न नसक्नेका लागि कानुनले व्यवस्था गरेको प्रक्रियाबाट नागरिकता दिन धेरै प्रजिअ तर्किने वा पन्छाउने गर्छन्।

अधिकांश जिल्लामा प्रजिअ खटाउँदा कार्यानुभव भएको वा निर्णय क्षमता भएको भन्दा पनि राजनीतिक पहुँच वा शक्तिका भरमा खटाउने गरिएको छ। पछिल्ला दिनमा प्रजिअ पद राजनीतिक पदजस्तै भएको छ। यसले गर्दा गृह प्रशासनको अनुभव नै नभएका, नागरिकताको व्यावहारिक ज्ञान कम भएका व्यक्तिलाई समेत प्रजिअको जिम्मेवारीमा पठाउने गरिन्छ। त्यसरी पठाइएका प्रजिअले जटिल प्रकृतिका नागरिकताका विषयमा निर्णय गर्न नसक्नु स्वाभाविक हो। यसले गर्दा मुख्यतः आमाको नामबाट नागरिकता लिनुपर्ने, तीन पुस्ताको विवरण पेस गर्न नसक्नेलगायत व्यक्ति नागरिकताबाट वञ्चित हुनुपर्ने र नागरिकता प्राप्त गर्दा नागरिकले अनेक हैरानी व्यहोर्नुपरेको अवस्था छ। आमाको नाममा नागरिकता प्रदान गर्ने विषयलाई महिला अधिकारको सौदाबाजी र राष्ट्रियताको परिधिको दृष्टिकोणले मात्र हेर्नु हुँदैन। प्राकृतिक एवं जैविक नियमको स्वीकार्यता र नागरिकता प्राप्त गर्ने नागरिकको पूर्ण अधिकार सुनिश्चित गर्ने माध्यम हो। त्यसैले आमाको नाममा नागरिकता प्राप्त गर्ने अधिकारको पूर्ण सुनिश्चित गर्न कानुन संशोधनसँगै कार्यप्रणाली र सोचमा समेत परिवर्तन गर्नु आवश्यक छ।

(शंकर नेपाल सरकारका अधिकृत हुन्)



---

३ प्रश्न

वरिष्ठ क्यान्सर रोग विशेषज्ञ **डा. सुदीप श्रेष्ठलाई**

नेपालमा क्यान्सरका बिरामी बढ्नुको कारण के हो ?

क्यान्सर नेपालमा मात्र होइन, संसारभरि नै बढेको छ। क्यान्सर लाग्नुको मुख्य कारण हाम्रो जीवनशैली नै हो। अहिलेको सहरिया तथा कृत्रिम जीवनशैलीले हामीलाई बिगारेको छ। यसले हामीलाई प्रकृतिबाट टाढा पुऱ्याएको छ। क्यान्सर हुनुका प्रमुख कारणमा मासु बढी खाने, सागसब्जी नखाने, रेडिमेड खानेकुरा बढी खाने, ससेज, कलर गरेको खानेकुरा खाने, मदिरा तथा सुर्तीजन्य पदार्थको सेवन गर्ने, शारीरिक व्यायाम गर्ने, औद्योगिकीकरण, प्रदूषणलगायत पर्छन्। यसबाहेक हामीले खाने खानेकुरामा ज्यादै विषादी मिसिएको छ। त्यसले पनि क्यान्सर फैलाइरहेको छ। सरोकारवाला निकाय यसप्रति जिम्मेवार नहुनु दुःखद छ। कम्तिमा बजार अनुमगन र गुणस्तर चेकजाँच भइदिए केही हदसम्म निरोगी हुने अवस्था सिर्जना हुन्छ।

क्यान्सर नियन्त्रणको उपाय के हुन सक्छ ?

मुख्यतः सानै उमेरदेखि जीवनशैलीमा ध्यान दिन सके ५० प्रतिशत क्यान्सरबाट जोगिन सकिन्छ। त्यस्तै जंकफुड नखाने, सफा गरेर सागसब्जी बढी खाने, मदिरा र सुर्तीजन्य वस्तुको सेवन नगर्ने, समयमै खोपहरू लगाउने, क्यान्सर हुने वातावरणबाट टाढा रहने, घाममा अत्यधिक नबस्नेजस्ता कायमा ध्यान दिनुपर्छ। आफूलाई क्यान्सरसँग मिल्दो लक्षण देखिएमा तुरुन्तै अस्पताल जानुपर्छ। बेलाबेलामा स्वास्थ्य जाँच गराउनुपर्छ।

नेपालमा क्यान्सरका कुन उमेर समूहका बिरामी बढी छन् ?

क्यान्सर कुनै पनि उमेर समूहलाई हुन सक्छ। तर, ३० वर्ष नाघेपछि क्यान्सर हुने सम्भावना बढी हुन्छ। युवा र बच्चामा हुने क्यान्सर वंशाणुसँग सम्बन्धित छ। हाम्रोमा भर्खर सुरुवाती चरणको क्यान्सर कमै थाहा हुन्छ। बिरामीहरू पहिलो र दोस्रो चरणमा खासै अस्पताल जाँदैनन्। क्यान्सर तेस्रो र चौथो चरणमा पुगेपछि उपचार गर्न बढी आउँछन्। जुन अत्यन्तै जोखिमपूर्ण र डरलाग्दो अवस्था हो।

प्रेरक प्रसंग

चित्रकारको कला

कुनै एक राज्यमा एक राजा थिए। उनको एउटा मात्र खुट्टा थियो र आँखा पनि एउटै मात्र सद्दे थियो। उनी एउटा आँखाले देख्न सक्दैनथे। उनको राज्यका जनता भने निकै खुसी थिए। किनकि, उनी निकै बुद्धिमान् र प्रतापी थिए। एकपटक राजालाई आफ्नो एक सुन्दर तस्बिर बनाउन लगाएर दरबारको भित्तामा सजाउने विचार आयो। यस्तो विचार आउनासाथ उनले देशभरका नामुद चित्रकारजति सबैलाई दरबारमा बोलाए। सम्पूर्ण चित्रकार जम्मा भइसकेपछि राजाले भने- मलाई थाहा छ, तपाईंहरू सबै दिग्गज कलाकार हुनुहुन्छ। त्यसैले, तपाईंहरूले मेरो एउटा सुन्दर चित्र बनाइदिनुपऱ्यो। जसलाई म मेरो दरबारको भित्तामा सजाएर राख्न चाहन्छु।

सबै चित्रकारले राजाको प्रस्ताव सुने। तर, एउटा खुट्टा र एउटा आँखा नभएका राजाको सुन्दर चित्र कसरी बनाउनु ? उनीहरूका लागि देख्दै 'कुरूप' राजाको सुन्दर तस्बिर बन्ने कल्पना गर्नु व्यर्थ थियो। चित्र सुन्दर नभएमा राजाले रिसाएर सजाय पनि दिन सक्थे। त्यसैले, तिनले आफूहरूले चित्र बनाउन नसक्ने बताए। चित्रकारको जवाफ सुनेर राजा खिन्न भए।

त्यति नै वेला चित्रकारको भिडको पछिल्लो भागबाट एकजनाले हात उठाउँदै भने- महाराज, म हजुरको सुन्दर चित्र बनाउन तयार छु। म हजुरलाई मन पर्ने चित्र बनाउने कोसिस गर्नेछु। राजाको अनुमति पाइसकेपछि चित्रकार काममा जुटे। बडो तन्मयतासाथ उनी चित्र कोर्ने कार्यमा लागे। केही समयको मिहिनेतपछि उनले चित्र तयार गरे। चित्र देख्दा राजा अत्यन्त प्रसन्न भए। बाँकी चित्रकार पनि उनको कला देख्दा दंग परे। चित्रकारले यस्तो चित्र बनाएका थिए, जसमा राजा एउटा खुट्टा खुम्च्याएर जमिनमा बसेका थिए र एउटा आँखा चिम्लेर सिकारमाथि निसाना ताकिरहेका थिए।

चित्रकारले बडो चलाखीपूर्वक राजाको शारीरिक कमजोरी लुकाइदिएका थिए। चित्र साँच्चै सुन्दर देखिन्थ्यो। यस्तो सुन्दर चित्र देखेर राजाले उनलाई ठुलो इनाम दिएर बिदा गरे।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

कमजोरी दुवै पक्षको छ

२१ माघको नयाँ पत्रिकामा शशी थरुरको 'भारतमा कठघरामा इस्लाम' शीर्षकको लेख पढेँ। हिन्दु वा मुस्लिममध्ये कसै न कसैले त अवश्य झुट बोलिरहेका छन्। नत्र झगडाको अर्को कारण छैन। राममन्दिर बन्दा मुस्लिम पक्ष शान्त बसे भनेर लेखकले झुट बोलेका छन्। सबैलाई थाहा छ, मुस्लिमले वर्षौंसम्म यस विषयमा मुद्दा लडे। के त्यो शान्त बसेको हो ? लेखकले हिन्दुबाट भारतको अस्तित्वमै खतरा पैदा भएको आरोप पनि लगाएका छन्। यसमा पनि लेखकले आरोप एकपक्षीय छ। त्यसको दोष हिन्दु पक्षमाथि मात्र थोपर्नु कुनै हालतमा जायज छैन। यहाँ दुवैको आआफ्नो स्तरमा कमजोरी पक्कै छ।

• **डा. शिवशंकर यादव**, छपकैया, वीरगन्ज
shivshankaryadav3398@gmail.com

गृहमन्त्री, दादागिरी रोक

अन्तर्जातीय बिहे गर्ने दलित युवामाथि गृहमन्त्रीकै निर्देशनमा अत्याचार भएको समाचार पढ्दा अचम्म लाग्यो। यो देशको कानुन कार्यान्वयन गराउने निकायको माथिल्लो तहमा रहेका गृहमन्त्रीले नै यतिसम्म गिरेर आफ्नो शक्तिको दुरुपयोग गर्छन् भने यहाँ अन्य पहुँचवालाले के मात्र नगर्लान् ? एक-अर्कालाई मन पराएर बिहे गर्ने जोडीलाई छुटाउन गृहमन्त्री रमेश लेखकले जुन पदीय हैसियतको दुरुपयोग गरेका छन्, त्यो उनको दादागिरी हो। पदमा बसेर यसरी जनतामाथि दादागिरी गर्न पाइन्न।

• **शोभिता परियार**
गठ्ठाघर, भक्तपुर

फ्लाई ओभर किन रोकियो ?

नेपालमा कुनै पनि निर्माण कार्य न त डिजाइनअनुसार बन्छ, न त समयमै सम्पन्न हुन्छ। यो राष्ट्रिय रोग नै बनिसक्यो। अझ दुई वर्षमा सक्ने भनिएको आयोजना १० वर्षसम्म म्याद थप्दा पनि ५० प्रतिशत पनि बनेको हुँदैन र अन्त्यमा ठेकेदार भाग्छ, सरकार रमिता हेरेर बस्छ र लाभग्राही जनता विकास पर्खंदापर्खंदै निराश हुन्छन्। यही नियति ग्वार्को फ्लाई ओभरमा पनि देखिँदै छ ? यसको निर्माण किन रोकियो ?

• **अच्युत सिजापती**
इमाडोल, ललितपुर

यो विकास हो कि विनाश ?

पछिल्लो समय कार्यकर्ता पाल्नुपर्ने दलहरूको बाध्यताले गाउँगाउँमा डोजर आतंक मच्चिएको छ। बाहिरबाट हेर्दा यस बाध्यताबाट गाउँघरको विकास भएको देखिए पनि त्यसले दूरगामी रूपमा विनाशकै बाटो देखाइरहेको छ। सडक बनाउनुअघि कहाँ बनाउने र कहाँ नबनाउने भनेर अध्ययन हुनुपर्छ। यहाँ त अधिकांश ग्रामीण सडक मनलागी खोलिएका छन्। कुनै मापदण्ड पालना गरिँदैन। ठेकेदार र डोजर चालक नै यी सडकका डिजाइनकर्ता इन्जिनियर हुन् ? नेता नै दाहिना भएपछि तिनलाई रोक्ने कसले ? हाम्रो जस्तो प्राकृतिक सुन्दरताले भरिपूर्ण देशलाई उजाड बनाउने काम यिनै विकासप्रेमीबाट भइरहेको छ। सरकार कहाँ छ, कसैलाई पत्तो छैन। त्यसैले, स्थानीय तहमा जसले जे गर्छ, त्यसैलाई विकास मान्नुपर्ने बाध्यता छ।

अर्को समस्या भनेको बाटो नभएको जग्गा किन्ने अनि त्यसलाई खण्डीकरण गर्न बाटो लाने प्रचलनले पनि विकासको साटो विनाश बढाइरहेको छ। अनधिकृत रूपमा गरिएका जग्गा खण्डीकरणले सारा गाउँघरलाई समस्यामा पारिरहेको छ। दुई-चारजनाको फाइदाका लागि स्थानीय सरकारले त्यस्ता जोखिमयुक्त ठाउँमा डोजर लगाउन दिँदा भएका रुखबिरुवा नष्ट भएका छन्। प्रकृति विनाश भएको छ। डाँडापाखा उजाडिएका छन्।

एक-दुईवटा घरमा जान लामो, घुमाउरो र जोखिमपूर्ण सडक खन्नुभन्दा त घरलाई अन्त सार्दा सस्तो पर्थ्यो होला नि ? यसप्रति सरोकारवाला निकायको ध्यान नजानु विडम्बना हो।

• **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

वैश्विक सफलता होइन प्रतिभा पलायन

एच–१ बी भिसाको कथा मुख्यतः वर्गीय विशेषाधिकारको कथा बनेको छ, जहाँ व्यक्तिगत सफलताको उत्सवले गम्भीर प्रणालीगत असमानता लुकाउँछ

देश / विदेश

• रुचि गुप्ता

आर्थिक वृद्धि सुस्ताएकाले भारतको विकास रणनीतिको अभाव थप प्रस्टिँदै गएको छ। भारतको विश्वशक्ति बन्ने महत्त्वाकांक्षा विभिन्न उपलब्धिभन्दा मुलुकको आकारमा बढी निर्भर देखिन्छ। यो प्रवृत्ति एच-१ बी भिसासम्बन्धी बहसमा स्पष्ट रूपमा देख्न सकिन्छ, जहाँ सरकार अमेरिकी श्रमबजारका लागि दक्ष जनशक्तिको आप्रवासनलाई राष्ट्रिय हितका रूपमा हेर्छ। विदेशी भूमिमा नागरिकको सुरक्षामा ध्यान दिनु उचित भए पनि उत्कृष्ट प्रतिभा पलायनलाई प्रोत्साहन गर्नु दीर्घकालीन विकासका लागि हानिकारक हुन सक्छ। केही व्यक्तिको अन्तर्राष्ट्रिय सफलताप्रति गर्व गर्नुको सट्टा राष्ट्रको समग्र उन्नतिका लागि संरचनागत सुधारलाई प्राथमिकता दिन आवश्यक छ।

अमेरिकामा एच-१ बी बहस आप्रवासन नीति र आर्थिक तथा जातीय/नश्लीय चिन्तासँग जोडिएको छ, जुन कहिलेकाहीँ विभेदका रूपमा प्रकट हुन्छ। यस्ता मुद्दा समाधान गर्नु अमेरिकी नागरिक र नीति-निर्माताको जिम्मेवारी हो। तर, भारतका लागि मुख्य प्रश्न एच-१ बीको संरक्षण होइन, बरु किन विश्वस्तरको प्रतिभा उत्पादन गर्न सक्ने देशले आफ्नै नागरिकलाई पर्याप्त अवसर दिन सक्दैन भन्ने हो। स्मरण रहोस्, ७५ प्रतिशत एच-१ बी भिसा धारक भारतीय छन्। भारतले आफ्नो प्रतिभा पलायनलाई उत्सवका रूपमा हेर्छ। भारतीय मूलका प्रमुख कार्यकारी अधिकृत र उच्च रेमिट्यान्सलाई राष्ट्रिय गर्वका रूपमा प्रस्तुत गरिन्छ। तर, यो भाष्यले संरचनागत कमजोरी लुकाउँछ, जसले सरकारलाई आवश्यक सुधार र बृहत् मध्यम वर्गीय सफलताका लागि अवसर विस्तार गर्ने जिम्मेवारीबाट उम्कन मद्दत गर्छ।

एच-१ बी प्रणाली प्रतिभा पलायनको स्पष्ट उदाहरण हो, जसको मूल्य भारतले चुकाउँदै आएको छ। रेमिट्यान्स वृद्धि, ग्लोबल सञ्जाल विस्तार र भारतको सौम्य शक्तिलाई बलियो पार्नेलगायत लाभ देखिए पनि गहिराइमा हेर्ने हो भने असन्तुलन स्पष्ट छन्। भारतले आइआइटीजस्ता सार्वजनिक संस्थामार्फत उत्कृष्ट प्रतिभा उत्पादन गर्न ठुलो लगानी गर्छ, तर यसको प्रत्यक्ष लाभ उठाउन सक्दैन, जबकि अमेरिकाले कुनै खर्च नगरिकनै उत्कृष्ट भारतीय प्रतिभा उपयोग गर्छ।

एच-१ बी कथा मुख्यतः वर्गीय विशेषाधिकारको कथा बनेको छ, जहाँ व्यक्तिगत सफलताको उत्सवले गम्भीर प्रणालीगत असमानता लुकाउँछ र प्रतिभाले स्वाभाविक रूपमा आफ्नो बाटो पहिल्याउँछ भन्ने भ्रमलाई बल दिन्छ। तर, वास्तविक सफलता निर्धारणमा उच्च शिक्षालय, सशक्त सञ्जाल र संसाधन पहुँचजस्ता संरचनागत लाभले महत्त्वपूर्ण भूमिका खेल्छन्। समर्थक एच-१ बी अवसरले भारतमा शिक्षामा प्रेरणा थप्छ र प्रतिभा पलायनको भय बढाइचढाइ गरिएको दाबी गर्छन्। यद्यपि विदेशमा अवसर र शैक्षिक महत्त्वाकांक्षाबिचको सम्बन्ध सत्य भए पनि यो तर्क अपूरो छ। विदेशी अवसरमा निर्भर रहनुले बलियो शिक्षा र रोजगारी प्रणाली निर्माण गर्ने जिम्मेवारी उपेक्षित हुन्छ। विश्वव्यापी अवसरले चाहना बढाउन सक्छ, तर गुणस्तरीय शिक्षामा पहुँच अझै सीमित छ, अर्थात् कडा प्रतिस्पर्धा, परीक्षा प्रश्नपत्र चुहावट, भ्रष्टाचार र विद्यार्थी आत्महत्या यसका प्रमाण हुन्।

भारतका युवा पलायनको वास्तविक मूल्य प्रतिभा पलायनभन्दा बाहिर छ। यसले बाह्य क्षेत्रमा ध्यान केन्द्रित गर्ने मानसिकता विकास गर्छ, जसले घरेलु सुधारको आवश्यकता घटाउँछ र सरकारले समान अवसर एवं विकास र नवप्रवर्तनको अनुकूल वातावरण सिर्जना गर्ने जिम्मेवारीलाई उपेक्षा गर्न मद्दत गर्छ। प्रश्न भारतीय विश्वस्तरमा सफल हुन सक्छन् वा सक्दैनन् भन्नेमा होइन, उनीहरू निःसन्देह सफल हुन सक्छन्। तर, यो सफलता आन्तरिक रूपमा र सबै जनताका लागि समान रूपले किन सम्भव हुँदैन भन्ने प्रश्न उठ्छ।

तस्बिर : द इन्डियन एक्सप्रेस

भारत प्रतिभाको सागर हो, तर यसले निकै कम विश्वव्यापी रूपमा प्रतिस्पर्धी कम्पनी वा नोबेल पुरस्कार विजेता उत्पादन गरेको छ। समस्या व्यक्तिगत क्षमता होइन, बरु बलियो संस्थागत संरचनाको अभावमा छ। अर्थात्, स्थिर शासन, पारदर्शी नियमावली, पहुँचयोग्य पुँजी र विधिको शासन। ज्ञानको कदर गर्ने र अनुसन्धानमा लगानी गरेर नवप्रवर्तनलाई प्रवर्द्धन गर्ने वातावरण पनि महत्त्वपूर्ण छ। यी कमीले घरेलु नवप्रवर्तन र उद्यमशीलतामा अवरोध पुऱ्याउँछन्, जसका कारण भारतले रुपान्तरणकारी नवप्रवर्तन विकास गर्न सक्दैन। यो प्रवृत्ति उदाहरणका लागि हालैको भारतको वैश्विक एआई प्रतिस्पर्धाको अनुपस्थितिमा प्रकट भयो।

भारतको वास्तविक चुनौती भनेको यसको महत्त्वाकांक्षाको ऊर्जालाई प्रणालीगत सुधारको आन्दोलनमा रुपान्तरण गर्नु हो। रेमिट्यान्स, लगानी, र प्रतिष्ठाका लागि प्रवासी समुदायमा अधिक ध्यान केन्द्रित गर्दा घरेलु संस्थाको विकास कमजोर बन्न सक्छ। आफ्ना उत्कृष्ट प्रतिभा पलायनको उत्सव मनाउनुको साटो भारतले यस्तो वातावरण सिर्जना गर्न ध्यान दिनुपर्छ, जसले विदेश जानुभन्दा देशमै बस्न आकर्षण होस्। यसका लागि प्राथमिकतामै परिवर्तन आवश्यक छ। शिक्षाको गुणस्तर सुधार्नु, पूर्वाधारको पहुँच विस्तार गर्नु, शासनलाई सरल बनाउनु र नवप्रवर्तनका लागि अनुकूल वातावरण प्रवर्द्धन गर्नु महत्त्वपूर्ण छ। साँचो 'आत्मनिर्भरता' तब मात्र सम्भव हुन्छ, जब सबै भारतीय देशको सीमाभित्र आफ्नो क्षमता पूरा गर्न सक्षम हुन्छन्।

राष्ट्रिय प्रगति कति नागरिकले विदेशमा सफलता प्राप्त गरे या भारतसँग कति अर्बपति छन् भन्नेले देखाउँदैन, बरु नागरिकले आफ्ना आकांक्षा घरमै पूरा गर्न सक्छन् वा सक्दैनन् भन्नेले देखाउँछ। जबसम्म भारतले आफ्ना प्रणालीगत चुनौतीलाई सम्बोधन गर्दैन, तबसम्म वैश्विक सफलता कथाको गणना गर्ने, तर घरेलु रूपमा तिनलाई पोस्न आवश्यक अवस्थालाई उपेक्षा गर्ने यो विरोधाभासमा फसिरहनेछ।

(गुप्ता फ्युचर अफ इन्डिया फाउन्डेसनकी कार्यकारी निर्देशक हुन्)

द इन्डियन एक्सप्रेसबाट

भारतीय आप्रवासीलाई निकाल्न पहिलोपटक सैन्य विमानको प्रयोग

नयाँदिल्ली/ अमेरिकाले भारतीय आप्रवासीलाई देशनिकाला गर्न पहिलोपटक अमेरिका महादेशबाहिर सैन्य विमानलाई प्रयोगमा ल्याएको छ। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी अर्को हप्ता वासिंटन भ्रमण गर्न लागेको चर्चाबिच अमेरिकाले यस्तो कदम उठाएको छ। रोयटर्सले नाम नखुलाइएको एक अमेरिकी अधिकारीलाई उद्धृत गर्दै मंगलबार बिहान लेखेको समाचारअनुसार सी-१७ विमान आप्रवासीलाई लिएर भारततर्फ उडेको थियो। कम्तीमा २४ घण्टापछि मात्र विमान भारत पुग्ने ती अधिकारीलाई उद्धृत गर्दै रोयटर्सले लेखेको छ।

उसो त सैन्य विमानमार्फत अवैध आप्रवासी फिर्ता गर्ने ट्रम्पको कदम मतदाता र विश्व समुदायलाई एक खालको सन्देश प्रवाहित गर्न प्रयोगमा ल्याइने गरेको छ। अमेरिकाले विगतमा भारतमा अवैध आप्रवासी फर्काउन 'चार्टर्ड' विमान प्रयोग गर्ने गरेका उदाहरण छन्। अधिकारवादी समूहे आप्रवासी फर्काउन यो मानक विधि हुनुपर्ने वकालत गर्ने गर्छ। सैन्य विमानको प्रयोगले कूटनीतिक विषय पनि तानिने सम्भावना हुन्छ।

यस विषयमा भारत सरकार र भारतस्थित अमेरिकी दूतावासले प्रतिक्रिया नदिएको द वायरले लेखेको छ। अमेरिकाले हालसम्म ग्वाटेमाला, पेरू र होन्डुरसमा सैन्य विमानको प्रयोग गरेर अवैध आप्रवासीलाई देशनिकाला गरिसकेको छ।

गत महिना ट्रम्पले कार्यकाल सम्हालेपछि, भारतीय विदेशमन्त्री एस जयशंकरले नयाँ अमेरिकी विदेशमन्त्री मार्को रुबियोसँग गरेको पहिलो द्विपक्षीय अन्तर्क्रियाका क्रममा अमेरिकाले अवैध आप्रवासनको मुद्दा उठाएको थियो।

अमेरिकाको आप्रवासन तथा भन्सार प्रवर्तनसम्बन्धी निकाय 'आइसिई'ले गत वर्षको अन्त्यतिर अमेरिकामा बसोवास गरिरहेका १७ हजार ९४० भारतीयलाई अन्तिम निष्कासन आदेश जारी गरिएको बताएको थियो। तर, जयशंकर र भारत सरकारको विदेश मन्त्रालयले भने अमेरिकाबाट फिर्ता गरिने भारतीयको संख्या यकिन भइनसकेको बताएका छन्। वास्तविक संख्या राष्ट्रियताको पूर्ण प्रमाणीकरणमा निर्भर हुने तिनले बताएका छन्।

चर्चित अमेरिकी थिंक-ट्यांक 'प्यु रिसर्च सेन्टर'को एक रिपोर्टले सन् २०२२ सम्म अमेरिकामा सात लाखभन्दा बढी कागजात

नभएका भारतीय बसोवास गरिरहेको बताएको छ। यो मेक्सिको र एल साल्भाडोरपछि अवैध आप्रवासीको तेस्रो ठुलो जनसंख्या हो।

सैन्य विमानको प्रयोग 'अनादरपूर्ण'

कोलम्बियाली राष्ट्रपति गुस्ताभो पेट्रोले गत साता ट्रम्प प्रशासनले आप्रवासी पठाएको सैन्य विमानलाई उनको देशमा ओर्लन अनुमति नदिने बताएपछि विश्वभर तरंग उत्पन्न भएको थियो। पेट्रोले सैन्य उडानमार्फत आप्रवासीको ओसारप्रसारले प्रोटोकल उल्लंघन हुने बताएका थिए। त्यस्तै आप्रवासीलाई हतकडी लगाएर अपराधीको व्यवहार गर्न नहुने पनि उनको तर्क थियो। तर, पछि ट्रम्पले कर लगाउने धम्की दिएपछि उनी आफ्नो अडानबाट पछाडि हट्न बाध्य भएका थिए।

त्यस्तै मेक्सिकोले पनि गत हप्ता ८० आप्रवासी बोकेको अमेरिकी सैन्य विमानलाई जमिनमा उत्रिने अनुमति दिन अस्वीकार गरेको थियो। त्यसले दुई छिमेकी देशबिचको बढ्दो तनावलाई थप चर्काएको थियो। ब्राजिलले पनि हतकडी लगाएर अमेरिकाबाट निष्कासित गरिएका ८८ कागजात नभएका ब्राजिलियन आप्रवासीको 'मौलिक अधिकारको अनादर'प्रति ट्रम्प प्रशासनबाट स्पष्टीकरण माग गरेको थियो।

ट्रम्पको निमन्त्रणामा मोदी अर्को हप्ता अमेरिका जाने

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको निमन्त्रणामा भारतका प्रधानमन्त्री नरेन्द्र मोदी अर्को हप्ता ह्वाइट हाउस जाने तयारी गरेको ह्वाइट हाउसका एक अधिकारीलाई उद्धृत गर्दै रोयटर्सले जनाएको छ। २७ जनवरीमा सम्पन्न दुई नेताबिचको टेलिफोन वार्ता लगत्तैपछि यो निमन्त्रणा आएको रोयटर्सले लेखेको छ। टेलिफोन वार्तामा दुवै नेताले अमेरिका-भारत रणनीतिक साझेदारी र इन्डो-प्यासिफिक क्वाड साझेदारीलाई अगाडि बढाउन आफ्नो प्रतिबद्धतालाई जोड दिएका थिए।

चीनको प्रतिरोध गर्ने प्रयासमा संयुक्त राज्य अमेरिकाको रणनीतिक साझेदार बनेको भारत अमेरिकासँग व्यापारिक सम्बन्ध बढाउन र आफ्ना नागरिकका लागि अमेरिकाको कुशल श्रमिक भिसा सहज बनाउन उत्सुक छ। प्रधानमन्त्री मोदी ट्रम्पलाई पुनः निर्वाचित भएकोमा बधाई दिने पहिलो नेतामध्ये एक थिए। प्रधानमन्त्री मोदी र ट्रम्पबिच न्यानो र मैत्रीपूर्ण सम्बन्ध रहेको बताइन्छ। दुई नेताबिचको यो मैत्रीपूर्ण सम्बन्धले विभिन्न वैश्विक मुद्दामा भारत र अमेरिका नजिक देखिएका छन्। रोयटर्सका अनुसार अमेरिकी उत्पादनमा भारतमा उच्च भन्सार शुल्क लाग्ने गरेकोतर्फ इंगित गर्दै ट्रम्पले विगतमा भारतविरुद्ध पनि भन्सार बढाउने धम्की दिएकाले भारत सरकार यस्तो शुल्कबाट बच्न उत्सुक छ।

प्रभु बैंक लिमिटेडको शाखा कार्यालय कोहलपुर, बाँकेका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८१/१०/२३ गते बुधबारको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैंक (साविकको सेञ्चुरी कमर्सियल बैंक)बाट तपसिलमा उल्लेखित ऋणीले लिनुभएको कर्जा रकम चुक्ताभुक्तान गर्ने मिति समाप्त भईसक्दा पनि बैंकसँग गर्नुभएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्र्यौट नगर्नु भएकोले यस बैंकबाट पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अत: यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षणधनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ। यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्न सिफारिस गरीने ब्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलबन्दी बोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय **कोहलपुर, बाँके**मा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८१/१२/०६ गते बुधबार (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको शाखा कार्यालय, **कोहलपुर, बाँके**मा दिनको ठीक ३:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, इच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न व्यहोरा समेत जानकारी गराईन्छ। कुनै कारणवंश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूलउपर नभएमा प्रचलित कानून बमोजिम असुलउपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल

क. ऋणी तथा जमानतकर्ताको विवरण :

ऋणी : टंक प्रसाद भट्टराई (ना.प्र.न. ११२३२ जारी मिति २०४४/०३/१८, जारी गर्ने कार्यालय जि.प्र.का. बाँके)। ठेगाना : बाँके जिल्ला कोहलपुर न.पा. वडा नं ११ (साविक रझेना गा.वि.स. वडा नं. ४)। बावु : हरि लाल भट्टराई। बाजे : नरपती भट्टराई।	**जमानतकर्ता: बिजय भट्टराई** (ना.प्र.नं. ६६१०१३/४५४ जारी मिति २०६४/१०/१५, प्रतिलिपि जारी मिति २०७७/०९/२२, जारी गर्ने कार्यालय जि.प्र.का. बाँके)। ठेगाना : बाँके जिल्ला कोहलपुर न.पा. वडा नं ११ (साविक कोहलपुर गा.वि.स. वडा नं. ३)। बावु : टंक प्रसाद भट्टराई। बाजे : हरि लाल भट्टराई।
जमानतकर्ता: दुर्गा देवी भट्टराई (ना.प्र.नं. १३१, जारी मिति २०४६/०९/११ जारी गर्ने कार्यालय जि.प्र.का. बाँके)। ठेगाना : बाँके जिल्ला कोहलपुर न.पा. वडा नं ११ (साविक बाँके जिल्ला रझेना गा.वि.स. वडा नं. ०४)। बावु : पर्शु राम ढुङगाना। पति : टंक प्रसाद भट्टराई। ससुरा : हरि लाल भट्टराई।	**जमानतकर्ता: डिजाक्सन भुसाल** (ना.प्र.नं. ४०-०१-७२-०३१६०, जारी मिति २०७२/०८/०२ जारी गर्ने कार्यालय जि.प्र.का अर्घाखाँची) स्थाई ठेगाना : अर्घाखाँची जिल्ला सन्धिखर्क न. पा. वडा नं. २। हालको ठेगाना : बाँके जिल्ला कोहलपुर न.पा. वडा नं ११। बावु : हरि प्रसाद भुसाल। पति : बिजय भट्टराई। ससुरा : टंक प्रसाद भट्टराई।

ख. ललाम बिक्री हुने सम्पत्तिको विवरण:
ऋणी टंक प्रसाद भट्टराईको नाममा मालपोत कार्यालय नेपालगञ्ज, बाँकेमा दर्ता कायम रहेको बाँके जिल्ला, कोहलपुर गा.बि.स. वडा नं. ३ नक्सा सिट नं. ३क स्थित कित्ता नं. ८६७ क्षेत्रफल ०-०-६¹⁄₄-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत......१

पुनश्च:
१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान **कार्यालय बबरमहल, काठमाण्डौ र शाखा कार्यालय कोहलपुर,बाँके** बाट समेत प्राप्त गर्न सकिनेछ।
२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायतका सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय बबरमहल, काठमाण्डौ र शाखा कार्यालय, कोहलपुर बाँकेमा** सम्पर्क राख्न सकिनेछ।

prabhu bank
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालय: बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१५०००

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालय: कमलपोखरी, काठमाण्डौ
फोन नं.: ०१-४५२३४३२/३४/३६

शाखा कार्यालय: शिवनगर, रौतहट
फोन नं.: ०५५-५६५३५२

को

तपसिलका कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुको धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८१/१०/२३ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका कार्यालयहरुबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्न पठाईने ब्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

केन्द्रिय कार्यालय: कमलपोखरी, काठमाण्डौ

ऋणीको विवरण

गुरुदत्त रेग्मीको नाति, यदुनाथ रेग्मीको छोरा, स्याङ्जा जिल्ला, पुतलीबजार गा.वि.स./न.पा.वडा नं. ९ स्थित स्थायी ठेगाना भएका **अर्जुन बन्धु रेग्मी (ना.प्र.प.नं. १४७, स्याङ्जा)**

व्यक्तिगत जमानतकर्ताको विवरण

यदुनाथ रेग्मीको बुहारी, अर्जुन बन्धु रेग्मीको पत्नी, स्याङ्जा जिल्ला, पुतलीबजार गा.वि.स./न.पा. वडा नं. ९, स्थित स्थायी ठेगाना भएको **सिन्धु शर्मा (रेग्मी) (ना.प्र.प.नं. ८६५/१६२९, काठमाण्डौ)**

धितोमा रहेको सम्पतिको विवरण

अर्जुन बन्धु रेग्मीको नाममा भुमिसुधार तथा मालपोत कार्यालय डिल्लीबजार, काठमाण्डौंको लगतमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. १० स्थित कित्ता नं. २३३, २३२, ५३९ र ५३७ को क्रमश : क्षेत्रफल ०-२-२-१, ०-३-०-०, ०-१२-१-३ र ०-७-१-२ (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

शाखा कार्यालय: शिवनगर, रौतहट

१. ऋणीको विवरण

सोहराई राय यादवको नाति, राम सुधार राय यादवको छोरा, रौतहट जिल्ला, पिपरिया (प.) गा.वि.स./न.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको **विजय कुमार यादव (ना.प्र.प.नं. ३२१०४१/५, रौतहट)**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. सठु राय यादवको नाति, सोहराइ राय यादवको छोरा रौतहट जिल्ला, पिपरिया (प.) गा.वि.स./न.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको **राम सुधार (ना.प्र.प.नं. ६८३/४९१२, रौतहट)**
२. सोहराई राय यादवको बुहारी, राम सुधार राय यादवको पत्नी, रौतहट जिल्ला, पिपरिया (प.) गा.वि.स./न.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको **सन्झा देवी (ना.प्र.प.नं. ३२३१०४१/२३७, रौतहट)**
३. राम सुधार राय यादवको बुहारी, विजय कुमार यादवको पत्नी, रौतहट जिल्ला, धरहरी गा.वि.स./न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको ममिता **कुमारी यादव (ना.प्र.प.नं. ३२-०१-७०-०६२९९, रौतहट)**
४. सोहराई राय यादवको नाति, राम सुधार राय यादवको छोरा, रौतहट जिल्ला, पिपरिया (प.) गा.वि.स./न.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको **संजय कुमार यादव (ना.प्र.प.नं. ३२-०१-७३-०९०३८, रौतहट**

धितोमा रहेको सम्पतिको विवरण

राम सुधारको नाममा मालपोत कार्यालय मौलापुर रौतहटको लगतमा दर्ता श्रेस्ता कायम रहेको रौतहट जिल्ला, पिपरिया गा.वि.स/न.पा. वडा नं. ४ स्थित कित्ता नं. ६६९ को क्षेत्रफल ०-२-१९-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२. ऋणीको विवरण

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय, कलैया, बारामा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७८/०५/०१ मा दर्ता नं. ११६९०/३६१ कायम भई दर्ता भएको बारा जिल्ला, आर्दश कोतवाल गा.पा. वडा नं. ६ स्थित **बैष्णो हार्डवेयर प्रोप्राइटर : गायत्री देवी**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. जगु रायको नाति, चोवालाल राय यादवको छोरा, रौतहट जिल्ला, सोनरनिया गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **प्रमोद कुमार यादव (ना.प्र.प.नं. ८९८८०२४८, रौतहट)**
२. चोवालाल राय यादवको बुहारी, प्रमोद कुमार यादवको पत्नी, रौतहट जिल्ला, सोनरनिया गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **गायत्री देवी (ना.प्र.प.नं. ४/१७४६, रौतहट)**
३. चोवालाल राय यादवको नाति, प्रमोद कुमार यादवको छोरा, रौतहट जिल्ला, सोनरनिया गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **राजेश प्रसाद यादव (ना.प्र.प.नं. १७९३, रौतहट)**
४. चोवालाल राय यादवको नाति, प्रमोद कुमार यादवको छोरा, रौतहट जिल्ला, सोनरनिया गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **राजिव कुमार यादव (ना.प्र.प.नं. ३२-१-६९-२२९९, रौतहट)**
५. चोवालाल राय यादवको नाति, प्रमोद कुमार यादवको छोरा, रौतहट जिल्ला, मौलापुर गा.वि.स./न.पा. वडा नं. ८ स्थित स्थायी ठेगाना भएको **रजनिश यादव (ना.प्र.प.नं. ३२-०१-७५-०१८१०, रौतहट)**

धितोमा रहेको सम्पतिको विवरण

१. **प्रमोद कुमार यादवको** नाममा मालपोत कार्यालय मौलापुर रौतहटको लगतमा दर्ता श्रेस्ता कायम रहेको रौतहट जिल्ला, सोनरनिया गा.वि.स/न.पा. वडा नं. २ स्थित कित्ता नं. ३४० क्षेत्रफल ०-३-१५-० (बिघा) कोघर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
२. **प्रमोद कुमार यादवको** नाममा मालपोत कार्यालय मौलापुर रौतहटको लगतमा दर्ता श्रेस्ता कायम रहेको रौतहट जिल्ला, सोनरनिया गा.वि.स/न.पा. वडा नं. १ स्थित कित्ता नं. ८६१ को क्षेत्रफल ०-३-१७-० (बिघा) को घर/जग्गा तथा सोघर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

३. ऋणीको विवरण

फुदो ठाकुर हजामको नाति, खोभारी ठाकुर हजामको छोरा, रौतहट जिल्ला, प्रेमपुर गोनाही गा.वि.स./न.पा. वडा नं. ३ स्थित स्थायी ठेगाना भएको **राज मंगल ठाकुर (ना.प्र.प.न. १४११, रौतहट)**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. खोभारी ठाकुर हजामको नाति, राजमंगल ठाकुरको छोरा, रौतहट जिल्ला, देवाही गोनाही गा.वि.स./न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **पवन कुमार ठाकुर (ना.प्र.प.न. ३२-०१-७५-०२८८३, रौतहट)**
२. खोभारी ठाकुर हजामको बुहारी, राज मंगल ठाकुरको पत्नी, रौतहट जिल्ला, प्रेमपुर गोनाही गा.वि.स./न.पा. वडा नं. ३ स्थित स्थायी ठेगाना भएको **आशा देवी (ना.प्र.प.न. ३२३०८७/२१५, रौतहट)**

धितोमा रहेको सम्पतिको विवरण

१. **राज मंगल ठाकुरको** नाममा मालपोत कार्यालय मौलापुर रौतहटको लगतमा दर्ता श्रेस्ता कायम रहेको रौतहट जिल्ला, प्रेमपुरगुनाही गा.वि.स/न.पा. वडा नं. ४ स्थित कित्ता नं. १८६६ र १८५९ को क्रमश: क्षेत्रफल ०-०-१-० र ०-०-७-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
२. **राज मंगल ठाकुरको** नाममा मालपोत कार्यालय मौलापुर रौतहटको लगतमा दर्ता श्रेस्ता कायम रहेको रौतहट जिल्ला, प्रेमपुरगुनाही गा.वि.स/न.पा. वडा नं. २ स्थित कित्ता नं. १३५३ को क्षेत्रफल ०-१-३-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

धितो लिलामी बिक्रीका शर्तहरु :

१. बोलपत्र आवेदन फारम मिति २०८१/१०/२३ गते बुधबारदेखि यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय शिवनगर, रौतहटबाट प्राप्त गर्न सकिनेछ।
२. छुट्टाछुट्टै धितोको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ।
३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ।
४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ। साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ।
५. शिलबन्दी बोलपत्र मिति २०८१/११/०७ गते सार्वजनिक विदा परेकाले मिति २०८१/११/०८ गते बिहीबार कार्यालय समय भित्र यस बैंकको सम्बन्धित कार्यालयहरुमा दर्ता भईसक्नु पर्नेछ। म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन।
६. शिलबन्दी बोलपत्र मिति २०८१/११/०९ गते शुक्रबार दिउँसो १:०० बजे यस बैंकको सम्बन्धित कार्यालयहरुमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन। साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगत्तै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ।
७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ। सम्पति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च र लाग्ने भए लाभकर समेत सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ।
८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वत: जफत हुनेछ। बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको सम्बन्धित कार्यालयहरुबाट भुक्तानी गरिनेछ। साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन।
९. धितो सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पति बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ। बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन्।
१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय शिवनगर, रौतहटमा सम्पर्क राखी बुझ्न सकिनेछ।

उपभोक्ता अदालत गठन

औषधि व्यवस्था विभागको भवनमा रहने अदालतको अध्यक्षमा काठमाडौं जिल्लाका न्यायाधीश रामप्रसाद शर्मा नियुक्त, राजपत्रमा सूचना प्रकाशित हुनासाथ अदालतले काम थाल्ने

■ हानि–नोक्सानी, क्षतिपूर्ति असुलउपर, सजाय निर्धारण तथा सरकारी आदेशविरुद्धसमेत उजुरी दिन पाउनेलगायतका व्यवस्था भएकाले उपभोक्तालाई न्याय पाउन सजिलो

अजित अधिकारी/नयाँ पत्रिका

सोमबारको मन्त्रिपरिषद् बैठकले उपभोक्ता अदालत गठन गर्ने निर्णय गरेको छ। उपभोक्ता संरक्षण ऐन, ०७५ ले गरेको व्यवस्थाअनुसार ऐन गठनको निर्णय भएको सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले जानकारी दिए।

काठमाडौं, भक्तपुर र ललितपुरका उपभोक्ताको गुनासो सुनुवाइ गर्ने गरी अदालत गठन गरिएको मन्त्रिपरिषद् बैठकको निर्णयमा उल्लेख छ। ऐनले जिल्ला न्यायाधीशलाई अदालतको अध्यक्ष तोक्ने व्यवस्था गरेको छ। न्याय सेवाका उपसचिव र शाखा अधिकृत सदस्य रहने व्यवस्था छ। उपभोक्ता ऐन कार्यान्वयन गरी कसुरदारलाई कारबाही गर्न उपभोक्ताले सोझै उजुरी दिन मिल्ने गरी अदालतको व्यवस्था गरिएको हो।

बबरमहलस्थित औषधि लिमिटेडको भवनमा अदालत स्थापना गर्ने निर्णय भइसकेको छ। त्यस्तै, अध्यक्षमा जिल्ला अदालत, काठमाडौंका न्यायाधीश रामप्रसाद शर्मा तोकिएका छन्। त्यस्तै, विशेष अदालतका प्रवक्ता गेहेन्द्र रेग्मी र उद्योग मन्त्रालयका उपसचिव आनन्द पोखरेल सदस्य तोकिएका छन्।

ज्योति बानियाँ,
उपभोक्ता अधिकारकर्मी

उपभोक्ताले आउँदा दिनमा न्याय पाउने बलियो आधार तयार भएको छ

माधव तिमिल्सिना
उपभोक्ता अधिकारकर्मी

चाँडै अदालतले काम थालेर उपभोक्तालाई न्याय दिनुपर्छ

सजाय निर्धारणदेखि क्षतिपूर्ति दिलाउनेसम्मको कार्यक्षेत्र

- कुनै वस्तु तथा सेवाको खरिद तथा उपभोग गर्दा स्वास्थ्य तथा जिउ, धनमा हानि-नोक्सानी भए उपभोक्ताले उजुरी लिएर अदालत जान पाउने व्यवस्था छ। यस्तो उजुरीउपर प्राथमिकताका साथ सुनुवाइ गर्नुपर्ने ऐनमा उल्लेख छ।
- स्थानीय तथा प्रदेशस्तरीय निरीक्षण अधिकृतले बजार अनुगमनका क्रममा कैफियत भेटिएका आधारमा उत्पादक, विक्रेता वा वितरकलाई कारबाहीका लागि अदालतसमक्ष निवेदन दिएर सजाय निर्धारण गर्न सक्ने व्यवस्था छ।
- उपभोक्ताले क्षतिपूर्तिको दाबीसहित अदालतमा उजुरी दिएको खण्डमा मुद्दा लाग्छ। उपभोक्ता ऐनले सात दिनभित्र क्षतिपूर्तिको दाबी गर्नुपर्ने व्यवस्था गरेको छ। उपभोक्ताको दाबी पुगे उत्पादक, वितरक वा विक्रेताबाट असुल गर्नुपर्छ।
- व्यवसायीबाट जरिवाना वा क्षतिपूर्ति असुलउपुर गर्नुपर्ने दाबीसहित सरकारी निकाय (खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, गुणस्तर तथा नापतौल विभाग, औषधि व्यवस्था विभागलगायत)ले समेत मुद्दा लड्न सक्छन्। अहिलेसम्म यस्तो व्यवस्था अन्य ऐनमा थिएन।
- सरकारी निकायले नागरिकलाई जबर्जस्ती कुनै कसुरमा जरिवाना तोकेको खण्डमा न्यायका लागि उपभोक्ता अदालत जान पाउने ढोका खुलेको छ। उदाहरणका लागि ट्राफिकले लेन अनुशासनमा कारबाही गरे सिसिटिभी फुटेज झिकाएर अध्ययन गर्न उपभोक्ता अदालतले फैसला दिन सक्छ।

टेलिकममा सर्वसाधारणको सेयर २५ प्रतिशत पुऱ्याइने

१८ अर्बको कम्पनीमा अहिले सरकारको ९२ प्रतिशत स्वामित्व

नेपाल टेलिकमको २१औँ वार्षिकोत्सवमा पुगेर सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले ८ प्रतिशत रहेको सर्वसाधारणको सेयर स्वामित्व बढाएर २५ प्रतिशत पुऱ्याउने घोषणा गरेका छन्। तस्बिर : नयाँ पत्रिका

नयाँ पत्रिका

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले नेपाल टेलिकमको सेयर संरचना परिवर्तन गरी सर्वसाधारणको उपस्थिति बढाउने घोषणा गरेका छन्। उनले चालू आर्थिक वर्ष ०८१/८२ मै टेलिकमको २५ प्रतिशत सेयर स्वामित्व सर्वसाधारणमा दिने बताएका हुन्। हाल टेलिकममा सरकारको ९२ र सर्वसाधारणको ८ प्रतिशत सेयर स्वामित्व छ।

मंगलबार नेपाल टेलिकम स्थापनाको २१औँ वार्षिकोत्सव कार्यक्रममा बोल्दै मन्त्री गुरुङले कार्यसम्पादन प्रभावकारी बनाउन पनि सर्वसाधारणको स्वामित्व बढाउनुपर्ने देखिएको बताए। 'नेपाल टेलिकम सरकारी कम्पनी हो भन्नेबित्तिकै सर्वसाधारणमा यसको अपनत्व कम हुने देखिएको छ,' उनले भने, 'यसको कार्यसम्पादन प्रभावकारी बनाउन पनि सर्वसाधारणको स्वामित्व बढाउनुपर्ने देखिन्छ।'

नेपाल स्टक एक्सचेन्जमा हाल टेलिकमको १८ करोड कित्ता सेयर सूचीकृत छ। मंगलबारसम्म टेलिकमको सेयर प्रतिकित्ता ९१० रुपैयाँमा किनबेच भएको थियो। टेलिकमको बजार पुँजीकरण एक खर्ब ६३ अर्ब ८० करोड रुपैयाँ कायम छ। टेलिकमको कुल चुक्ता पुँजी १८ अर्ब छ।

आर्थिक वर्ष ०८०/८१ मा कम्पनीको कुल आय ४२ अर्ब ११ करोड रुपैयाँ र खुद मुनाफा ६ अर्ब २३ करोड छ। चालू आर्थिक वर्षको ६ महिनामा टेलिकमले २० अर्ब १२ करोड आम्दानी गरेको थियो।

नेपाल टेलिकम सरकारको स्वामित्वमा रहेका सार्वजनिक संस्थानमध्येकै गौरवशाली इतिहास बोकेको संस्था भएको मन्त्री गुरुङले उल्लेख गरे। उनले हाल दूरसञ्चार क्षेत्रमा बढ्दो चुनौतीसँगै नेपाल टेलिकमको समेत कार्यदक्षतामा सुधार गर्न आवश्यक रहेको बताए। उपभोक्ताको चाहनाअनुरूप सेवाहरूको आधुनिकीकरण, विकास र परिमार्जन गर्दै सबै स्थानमा फोरजी सेवा पुऱ्याउनुपर्ने उनको भनाइ थियो।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव तथा कम्पनी सञ्चालक समिति अध्यक्ष राधिका अर्यालले सर्वसुलभ रूपमा आमउपभोक्तालाई गुणस्तरीय दूरसञ्चार सेवा प्रवाह गर्ने क्रममा देशका भौगोलिक रूपमा अत्यन्त विकट र दुर्गम स्थानमा समेत सेवाको पहुँच विस्तार गर्ने नेपाल टेलिकमको योगदानको प्रशंसा गरिन्।

नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष भूपेन्द्र भण्डारीले दूरसञ्चार क्षेत्रमा नेपाल टेलिकम हालसम्म अग्रणी भूमिकामा रहेको उल्लेख गरे। आगामी दिनमा पनि अग्रणी स्थानमा रहेर सेवा प्रदान गर्न सक्षम रहोस् भन्ने शुभकामना व्यक्त गरे। सञ्चालक समितिका सदस्य (कर्मचारी प्रतिनिधि) लोकबहादुर कटवालले आमकर्मचारीको वृत्ति विकासको सुनिश्चितताको अवसरलाई खुला राख्न आग्रह गरे।

नेपाल टेलिकमका प्रबन्ध निर्देशक संगीता पहाडी (अर्याल)ले कम्पनीको समग्र अवस्थाबारे जानकारी गराइन्। उनले कम्पनीले मुलुकका ७७वटै जिल्लामा फोरजी एलटिई प्रविधिमा आधारित मोबाइल र डेटा सेवा तथा अप्टिकल फाइबरमा आधारित एफटिटिएच सेवा सञ्चालनमा ल्याएपछि ग्राहक आधारमा निरन्तर वृद्धि भइरहेको बताइन्। उनले फोरजी डेटाको खपत उल्लेखनीय रूपमा वृद्धि भई हाल कुल मोबाइल डेटा खपतको ९० प्रतिशतभन्दा बढी हिस्सा फोरजी सेवाले ओगटेको बताइन्।

हाल सम्म यस कम्पनीले तथा यस कम्पनी उपर आर्थिक दावी गरी कुनै मुद्दा दर्ता गराएको जानकारी प्राप्त भएको छैन। कुनै संस्थापक वा संचालक विरूध्द आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन।

४. **संगठित संस्थाको शेयरकारोबार सम्बन्धि विश्लेषण :**

धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोवार नियमानुसार सामान्य प्रकृतिबाटै भएको छ। यस त्रैमासिक अवधिमा शेयर कारोवार निम्नानुसार भएको छ।

अधिकतम मुल्य	रू. ५८३.००	कुल कारोवार दिन	५५
न्यूनतम मुल्य	रू. ४५०.००	कुल कारोवार संख्या	१२,५५७
समीक्षा अवधिको अन्तिम मुल्य	रू. ४७५.००	कुल कारोवार शेयर संख्या	१,४८४,८३३

५. **समस्या तथा चुनौती**

संगठित संस्थाले बहन गर्नु परेको समस्या तथा चुनौती बजारमा रहेका अन्य सरह नै छन्। संस्थामा आईपर्ने संस्थाको आन्तरिक र वाह्य समस्या तथा चुनौतीहरूलाई समय समयमा बस्ने संचालक समितिको बैठकले समीक्षा गरी सोको निराकरणको लागी आवश्यक कार्यान्वयन गर्ने छ।

६. **संस्थागत सुशासन**

यस कम्पनीले संस्थागत सुशासन अभिवृद्धिका लागी सदैव उच्च प्राथमिकता राख्दै आएको छ। यस कम्पनीलाई नियमन निकायबाट प्राप्त निर्देशन परिपत्रहरू तदारूकताका साथ सम्पादन गरी आएको छ।

७. **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायीत्व लिन्छु। साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई सुसुचीत गर्नका लागि आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाईएको छैन।

Tarakeshwor Municipality
Office of The Municipal Executive
Dharmasthali , Kathmandu
Bagmati Province, Nepal

Invitation for Bids

(Date of First Publication: 2081/10/23(05-02-2025)

1. **Tarakeshwor Municipality, Office of the Municipal Executive** invites electronic bids from eligible bidders for the construction of following works (described on the table) under National Competitive Bidding procedures specified in public Procurement Act and Regulations.

Contract no./ ID	Description of Works	Total Estimated Amt (With VAT) Nrs.	Bid Security Amt (Nrs.)	Bid validity / bid security/ period	Bid Document Fee (Nrs.)
Tara/23/NCB/081-082	Construction works of Dadagaun dekhi ward no. 7 ra 8 ko Simana samma mul Sadak Starunnati, Jarankhu Pul dekhi 7 ko simana samma Sadak Starunnati.	98,30,177.00	2,50,000	90/120 days	3,000
Tara/24/NCB/081-082	Construction works of Kathmadu Jilla Tarkeshwor Nagarpalika-03 Tinpiple -Thumki-Jitpur Ma.Vi Sadak Estaronati	29,26,156.38	75,000	90/120days	3,000
Tara/25/NCB/081-082	Construction works of Kathmadu Jilla Tarkeshwor Nagarpalika-03 8 mile -Dadagaun-Khyaldumcha Sadak Estaronati	48,97,623.87	125,000	90/120days	3,000
Tara/26/NCB/081-082	Construction Works of Birhato Manchhirumta hudai Panchakanya Mandir Jodne Sadak Nirman	23,66,346.83	65,000	90/120days	3,000
Tara/27/NCB/081-082	Construction Works of Sudarsan Khel Maidan Nirman	1,97,91,475.43	495,000	90/120days	3,000

2. Bidding document is available online and can be downloaded from e-GP system http://www.bolpatra.gov.np/egp. Interested bidders should register in the e-GP system and deposit the cost of bidding document in the following specified bank.

   Information of bank account

   i. Name of the Bank: NIC Asia Bank Manamaiju, Kathmandu
   ii. Name of Office: Tarakeshwor Nagarpalika Office
   iii. Rajaswa Khata No : 0172050029446002
   iv. Dharauti Khata no: 17CA501509524006

3. Interested bidders should submit online bids through e-procurement portal http://www.bolpatra.gov.np/egp only on or before 2081/11/23 (March 7, 2025) 12:00.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2081/11/23 (March 7, 2025) 13:00 hours at the office of Tarakeshwor Municipality, Dharmasthali, Kathmandu Tarakeshwor,Kathmandu, Nepal.
5. For more information, contact at **9851263111, 9841423004**.

Chief Administrative Officer

■ त्रिकोणात्मक टी-२० आई सिरिज

चौथो हारसँगै सिरिजबाट बाहिरियो घरेलु टोली नेपाल

नयाँ पत्रिका

नेपाली राष्ट्रिय महिला टोली त्रिकोणात्मक टी-२० आई सिरिज क्रिकेट प्रतियोगिताबाट बाहिरिएको छ। त्रिवि क्रिकेट मैदानमा लगातार चौथो खेलमा हार व्यहोरेपछि घरेलु टोली नेपाल सिरिजबाट बाहिरिएको हो। थाइल्यान्डसँग पराजित भएपछि नेपालको उपाधि जित्ने सम्भावनासमेत समाप्त भएको छ। सिरिजको छैटौं खेलमा घरेलु टोली नेपाल थाइल्यान्डसँग केवल पाँच रनको अन्तरले पराजित भयो।

अब, नेदरल्यान्ड्स र थाइल्यान्डबिच शीर्ष स्थानमा रहने टोली च्याम्पियन बन्नेछ। थाइल्यान्डले चारै खेलमा शतप्रतिशत नतिजा निकाली आठ अंकका साथ शीर्ष स्थानमाथि कब्जा जमाएको छ। नेदरल्यान्ड्सले समान चार खेलबाट चार अंक जोडेको छ। नेदरल्यान्ड्सले दुवैपटक नेपालमाथि जित निकाल्यो। थाइल्यान्डले सिरिजमा नेदरल्यान्ड्सलाई दुई खेलमा हराएको थियो। नेपालले एक अंक पनि बटुल्न सकेको छैन।

नेपालले अहिलेसम्म पाहुना टोली नेदरल्यान्ड्स र थाइल्यान्डविरुद्ध समान दुई खेलमा कमजोर ब्याटिङ प्रदर्शन गरिरहेको छ। ट्रिपल राउन्ड रोबिनअनुसार चलिरहेको सिरिजमा थाइल्यान्डले अब नेपाल र नेदरल्यान्ड्ससँग खेल्न बाँकी छ। थाइल्यान्ड र नेपालबिचको खेलमा समग्रमा बनेको २०७ रन सर्वाधिक हो। यसअघि दुवै टोलीले समग्रमा २०३ रन बनाएका थिए।

थाइल्यान्डविरुद्ध रन लिने प्रयासमा नेपालका खेलाडी।
तस्बिर : **ज्ञानेन्द्र कार्की**/नयाँ पत्रिका

अंकतालिका

टोली	खेल	जित	हार	अंक	रनरेट
थाइल्यान्ड	४	४	०	८	०.५२
नेदरल्यान्ड्स	४	२	२	४	०.०३
नेपाल	४	०	४	०	-०.५९

थाइल्यान्डको मध्यम योगफल

पहिलो ब्याटिङ गरेको थाइल्यान्डले २० ओभरमा ६ विकेट गुमाएर १०६ रनको मध्यम योगफल खडा गरेको थियो। नेपालले थाइल्यान्डले प्रस्तुत गरेको लक्ष्य सहजै पछ्याउन सक्ने अवस्थामा थियो। तर, यसपटक पनि शीर्ष क्रमका चार खेलाडीको फितलो ब्याटिङ प्रदर्शन भएपछि नेपाल जितबाट केवल पाँच रनले चुक्यो। ओपनर सम्झना खड्काले नौ बलमा पाँच रन, दोस्रो ओपनर ममता चौधरीले दुई बलमा शून्य रन, कप्तान इन्दु बर्माले ६ बलमा तीन र र विन्दु रावल शून्य रनमा आउट भएपछि नेपालको कमजोर सुरुवात भयो। नेपालले महत्त्वपूर्ण चार विकेट गुमाउँदा ४.२ ओभरमा आठ रन मात्र बनाएको थियो।

त्यसपछि फर्ममा रहेकी यू-१९ टोलीकी कप्तान पूजा महतो र पूर्वकप्तान रुविना क्षेत्रीबिच पाँचौं विकेटका लागि ४४ रनको साझेदारी भयो। दुवैले नेपाललाई १२.४ ओभरमा ५२-५ को स्थितिमा राखे। रुविनाले ३० बलमा तीन चौका र एक छक्का प्रहार गरी २६ रनको योगदान दिइन्।

अन्तिम ओभरमा १४ रन आवश्यक

इनिङ्सको १३.३ ओभरमा पूजाको विकेटसँगै नेपालको फिनिसिङमा दबाब देखियो। पूजाले २८ बलमा दुई चौकाको सहयोगमा १८ रन बनाइन्। रोमा थापा र कविता जोशीले सातौं विकेटका लागि ३६ रनको साझेदारी गर्दै नेपालको जित आशा दिलाएका थिए। कविता इनिङ्सको १८.६ ओभरमा पेभेलियन फर्किइन्। उनले २० बलमा तीन चौका र एक छक्काको सहयोगमा २४ रनको योगदान दिइन्। नेपाललाई अन्तिम ६ बलमा १४ रन आवश्यक थियो। तर, नेपालले ९ रन मात्र बटुल्दा थाइल्यान्डले पाँच रनको बाजी मार्‍यो। अन्तिमसम्म आउट नभएकी रोमाले १९ बलमा दुई चौकाको मद्दतमा १९ रन बनाइन्। १९औं ओभरमा नेपाल ९२-७ को स्थितिमा रह्यो।

नेपाललाई लक्ष्यसम्म पुग्न नदिन थाइल्यान्डकी थिपाच पुथावाङले घातक बलिङ गरेकी थिइन्। उनले ४ ओभरमा एक मेडनसहित १० रन खर्चेर चार विकेट लिइन्। उनले कप्तान इन्दु, सम्झना, पूजा तथा कविताको महत्त्वपूर्ण विकेट लिएकी थिइन्। ब्याटिङ क्रममा पनि थिपाचले ३१ बलमा २५ रनको योगदान दिएकी थिइन्। खेलमा उनी नै म्यान अफ दी म्याच भइन्।

टी-२० आईमा रचनाको पहिलो विकेट

थाइल्यान्ड्विरुद्ध नेपालकी रचनाकुमारी चौधरीले पहिलो टी-२० आईमा पहिलो विकेट लिन सफल भएकी छिन्। थाइल्यान्डसँगको डेब्यु खेलमै उनले विकेट हात पारेकी हुन्। बाँयाहाते स्पिनर रचनाले थाइल्यान्डकी फनिता मायालाई विकेटकिपर अलिसाकुमारी यादवबाट क्याचआउट गराइन्। कविता कुँवर चोटका कारण बाहिरिएपछि रचनाले स्थान बनाएकी हुन्। रचनाले यसअघि यू-१९ टोलीबाट महिला टी-२० विश्वकप खेलेकी थिइन्।

■ अर्जुन ट्रफी राष्ट्रिय क्रिकेट

लोकेशको अर्धशतकीय इनिङ्स

धनगढीमा **तेजराज भट्ट**

आक्रामक ब्याट्सम्यान लोकेश बमको अर्धशतकको सहयोगमा मंगलबार अर्जुन ट्रफी राष्ट्रिय क्रिकेट प्रतियोगितामा डिसिए धनगढीले बोस्टन क्रिकेट झापालाई पाँच रनले हराएको छ। जितसँगै धनगढीले सेमिफाइनलको सम्भावना बलियो बनाएको छ। तीन खेलमा दुई जितसहित चार अंक जोडेको धनगढी समूह 'ए' को दोस्रो स्थानमा रहेको छ। दुई खेलमा जित निकालेको सिवाइसी अत्तरिया चार अंकसहित समूह 'ए'को शीर्ष स्थानमा छ।

यस समूहबाट अन्तिम चारमा पुग्ने टोलीको टुंगो भइसके पनि लिग चरणका खेलको नतिजामा भर पर्नेछ। समूह 'ए'मा रहेको घोडाघोडी ११ ले दुई खेल, बोस्टन झापा र सिवाइसी अत्तरियाले समान एक खेल खेल्न बाँकी छन्। फाप्ला अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा पहिले ब्याटिङ गरेको धनगढीले २० ओभरमा ८ विकेट क्षतिमा एक सय ४३ रन बनायो। ओपनर लोकेशले ३६ बलमा चार छक्का र ३ चौका प्रहार गर्दै ५७ रन जोडे।

■ अन्तिम २ बलमा १२ रन

एक सय ४४ रनको लक्ष्य पछ्याएको इनिङ्स रोमाञ्चक बन्यो। झापाले २० ओभरमा ७ विकेट क्षतिमा एक सय ३७ रन मात्रै बनाउन सक्यो। इनिङ्सको अन्तिम ओभरको दुई बलमा झापालाई जितका लागि दुई बलमा १२ रन बनाउनुपर्ने थियो। झापाका कप्तान अभिनाश सिंहले भोजराज भट्टको ओभरमा छक्का प्रहार गरे। इनिङ्सको अन्तिम बल भोजराजले डट फ्याँकेपछि धनगढी ५ रनले विजयी भयो। अर्को खेलमा न्यु होराइजन बुटवलले दशरथ चन्द क्रिकेट एकेडेमी बैतडीलाई ५१ रनले पराजित गर्‍यो।

साबिक विजेता एनआरटी सेमिफाइनलमा

धरान/ साबिक विजेता न्युरोड टिम (एनआरटी) २५औं बुढासुब्बा गोल्डकप फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ। प्रतियोगिताको मंगलबार भएको क्वार्टरफाइनलमा काकडभिट्टा फुटबल ट्रेनिङ सेन्टर (केएफटिसी) झापालाई ३-१ ले पराजित गर्दै एनआरटी अन्तिम चारमा पुगेका हो। एनआरटीका लागि शिशिर लेखी, सरोज घिसिङ र रोहन खड्गीले गोल गरे। झापाका लागि रोबर्ट खोन्जोउले एक गोल फर्काएका थिए।

एनआरटीले फाइनल प्रवेश खेलमा युकेएफसी भारतसँग खेल्नेछ। खेलमा एक गोल र एक असिस्ट गरेका एनआरटीका शिशिर म्यान अफ दी म्याच हुँदै १० हजार रुपैयाँ प्राप्त गरेका छन्।

झापा र एनआरटीबिच पहिलो हाफ गोलरहित बराबरी भएको थियो। झापाले दोस्रो हाफको सुरुमा नै गोल खायो। खेलको ४८औं मिनेटमा एनआरटीका शिशिरले १-० का लागि गोल गरे। सुजन लिम्बूको पासमा उनले डिबक्समा उत्कृष्ट गोल गरेका हुन्।

खेलको ६०औं मिनेटमा कप्तान सरोज घिसिङले एनआरटीलाई २-० को स्थितिमा राखे। उनले गोलरक्षक अभिशेष बरालबाट रिबाउन्ड भएको बललाई गोल गरेका हुन्। खेलको ६२औं मिनेटमा झापाले २-१ को गोलअन्तरमा खेल पुर्‍याएको थियो। खामिर लिम्बूले मिलाइदिएको पासमा रोबर्टले गोल गरेका हुन्।

■ आहा रारा पोखरा गोल्डकप

पहिलो खेलबाटै बाहिरियो आयोजक सहारा

कास्कीमा रोहितराज पराजुली

उज्ज्वल राईको एक मात्र गोलको सहयोगमा नेपाल पुलिस क्लबले मंगलबार आयोजक सहारा क्लब पोखरालाई १-० ले पराजित गर्दै २४औं आहा रारा गोल्डकप फुटबल प्रतियोगिताको क्वार्टरफाइनलमा स्थान पक्का गरेको छ। पोखरा रंगशालामा भएको उद्घाटन खेलमा उज्ज्वलले खेलको ३६औं मिनेटमा एक मात्र गोल गरेका थिए। उनकै गोलमा आयोजक सहारा स्तब्ध भयो।

उज्ज्वलले कर्नरबाट आएको बललाई दोस्रो बारमा उत्कृष्ट गोल गरेका थिए। हारसँगै सहारा प्रतियोगिताबाट बाहिरिएको छ। अब पुलिसले २६ माघमा सेमिफाइनल प्रवेशको खेलमा ब्रिगेड ब्वाइज क्लब युकेसँग खेल्नेछ। पुलिस र सहाराबिचको पहिलो हाफ प्रतिस्पर्धात्मक बनेको थियो। सुरुमा पुलिसमाथि दबाब बनाएको सहारा फिनिसिङमा चुक्न पुग्यो। खेलको पाँचौं मिनेटमा विलियम सेसेनोङको प्रहार पुलिस क्लबका गोलरक्षक शत्रुधन चौधरीले बचाए। खेलको १२ औं मिनेटमा सहाराका कप्तान सुशील लामाको प्रहार विफल भयो। खेलको १७औं मिनेटमा पुलिसका विवेक पाण्डेको प्रहार पहिलो बारको नजिक हुँदै बाहिरिएको थियो। खेलको २१औं मिनेटमा पुलिस क्लबका विवेकको फ्रिकिक प्रहार सहाराका गोलरक्षक सन्तोष महतले बचाए। खेलको ५६ मिनेटमा सहाराका कप्तान सुशीलको प्रहार पुलिसका गोलरक्षक चौधरीले पन्च गर्दै रोके। प्रतियोगितामा बुधबार पूर्वविजेता एपिएफले मच्छिन्द्र क्लबको सामना गर्नेछ।

■ डिफेन्डर सनिश सम्मानित

प्रतियोगिताको उद्घाटनमा नेपाली राष्ट्रिय फुटबल टिमका डिफेन्डर सनिश श्रेष्ठलाई सर्वोत्कृष्ट राष्ट्रिय फुटबल खेलाडीबाट सम्मान गरिएको थियो। आयोजक क्लबले ०७४ सालदेखि सर्वोत्कृष्ट राष्ट्रिय फुटबल खेलाडीबाट एकजनालाई सम्मान गर्दै आइरहेको छ। यस वर्ष राष्ट्रिय टोलीसँगै मच्छिन्द्र क्लबका डिफेन्डर सनिशलाई ५० हजार पाँच सय रुपैयाँ प्रदान गर्दै आयोजकले सम्मान गरेको हो।

फेरिल्यान्ड र बिएनएको सहज जित

काठमाडौं/ आयोजक फेरिल्यान्ड इन्टरनेसनल स्कुल र वसुन्धरा नेसनल एकेडेमी (बिएनए)ले प्रथम फेरिल्यान्ड अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको जुनियर महिलामा मंगलबार सहज जित निकालेका छन्। फेरिल्यान्डले लोयल्टी एकेडेमीलाई ३१-१८, बिएनएले मञ्जरीलाई २६-२२ ले हरायो। जुनियर महिलामा सेन्ट जोसेफले पिकप्वाइन्टमाथि २२-१७, एनसिसिएसले ब्रेनल्यान्डलाई ३०-२१ ले पाखा लगायो। पुरुषतर्फ फेरिल्यान्डले पिकप्वाइन्टलाई ३४-२७ ले पराजित गरेको छ। सेन्ट जोसेफले रिलायन्स कोएडलाई ३०-२२ ले हरायो। किङडम हिमालयनले मञ्जरीलाई ५२-३२ र न्युटनले फ्युजन एकेडेमीलाई ३४-१९ ले पन्छाए। प्रतियोगिताको बुढानीलकण्ठ नगरपालिका वडा १० का अध्यक्ष नवराज भट्टराई र फेरिल्यान्डका संस्थापक प्रिन्सिपल विष्णुचन्द्र अधिकारीले संयुक्त रूपमा उद्घाटन गरे।

एन आई सी एशिया बैंक लिमिटेड
NIC ASIA
एन आई सी एशिया बैंक लि.
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५३६७६२५/५३५८८६०, फ्याक्स: +९७७-१-५१११११८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं।
सम्पर्क फोन.: +९७७-१-५३६७६२५/५३५८८६० (एक्सटेन्सन: २०८/२२५/२२६)

धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगको सम्झौताको शर्त बमोजिम नतिर्नु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा,विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने र ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा व्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिर्नु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ। साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम विक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बैंकको सम्पूर्ण बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१)	**ऋणी: ओमकार बुढा मगर** स्थायी ठेगाना: रुकुम जिल्ला, तकसेरा गा.वि.स. वडा नं. ३, हालको ठेगाना: रुकुम जिल्ला, मुसिकोट न.पा. वडा नं. १, बाबु: रेशम बुढा मगर, बाजे: पुर्भान बुढामगर
	धितोको विवरण
	पुर्भान बुढामगरको नाती, रेशम बुढा मगरको छोरा, रुकुम जिल्ला, तकसेरा गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल रुकुम जिल्ला, मुसिकोट न.पा. वडा नं. १ बस्ने ओमकार बुढा मगरको नाममा मालपोत कार्यालय, रुकुम (पश्चिम)को लगतमा दर्ता कायम रहेको रुकुम जिल्ला खलंगा गा.वि.स. वडा नं. १ (हाल रुकुम (पश्चिम) जिल्ला, मुसिकोट न.पा. वडा नं. १) स्थित कित्ता नं. ३८६७ को क्षेत्रफल ६२.५ व.मी. को घरजग्गा र रुकुम जिल्ला खलंगा गा.वि.स. वडा नं. २ (हाल रुकुम (पश्चिम) जिल्ला मुसिकोट न.पा. वडा नं. १) स्थित कित्ता नं. २४२१ को क्षेत्रफल १०० व.मी.को जग्गा र सो घरजग्गा / जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत।
२)	**ऋणी: गिता कुमारी रिजाल (कार्की)** स्थायी ठेगाना: सिन्धुपाल्चोक जिल्ला, चौतारा साँगाचोकगढी न.पा. वडा नं. १, हालको ठेगाना: भक्तपुर जिल्ला, सिपाडोल गा.वि.स. वडा नं. ८, बाबु: गोपाल प्रसाद रिजाल, ससुरा: चेत बहादुर कार्की, पति: बल बहादुर कार्की
	धितोको विवरण
	गोपाल प्रसाद रिजालकी छोरी, चेत बहादुर कार्कीको बुहारी, बल बहादुर कार्कीकी पत्नि, सिन्धुपाल्चोक जिल्ला, चौतारा साँगाचोकगढी न.पा. वडा नं. १ स्थायी ठेगाना भई हाल भक्तपुर जिल्ला, सिपाडोल गा.वि.स. वडा नं. ८ बस्ने गिता कुमारी रिजाल कार्कीको नाममा भूमिसुधार तथा मालपोत कार्यालय भक्तपुरको लगतमा दर्ता कायम रहेको भक्तपुर जिल्ला, नगरकोट गा.वि.स. वडा नं. १/ग (हाल चाँगुनारायण न.पा. वडा नं. ६) स्थित कित्ता नं. १३४ को क्षेत्रफल ०-४-२-० (रोपनी)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत।
३)	**ऋणी: अंजली थापा** स्थायी ठेगाना: पाँचथर जिल्ला, फिदिम गा.वि.स. वडा नं. १, हालको ठेगाना: ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. ४, बागडोल बाबु: शंकर थापा क्षेत्री, ससुरा: सुर्य बहादुर लामा, पति: धर्मेन्द्र लामा
	धितोको विवरण
	शंकर थापाकी छोरी, सुर्य बहादुर लामाकी बुहारी, धर्मेन्द्र लामाकी पत्नि, पाँचथर जिल्ला, फिदिम गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. ४, बागडोल बस्ने अंजली थापाको नाममा मालपोत कार्यालय हरिवन, सर्लाहीको लगतमा दर्ता कायम रहेको सर्लाही जिल्ला, पत्थरकोट गा.वि.स. वडा नं. ७ त्र (हाल लालबन्दी न.पा. वडा नं. ११) स्थित कित्ता नं. ४९ को क्षेत्रफल १००७४.२५ (व.मि.)को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत।
४)	**ऋणी कम्पनी: नेटवर्क एसोसिएट्स प्रा.लि.,** अध्यक्ष तथा जमानीकर्ता: सुरेश भण्डारी, संचालक तथा जमानीकर्ता: अनिता पोखरेल दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालयमा प्रा.लि.नं. १६८८४/०५८/०५९, दर्ता मिति: २०५८/०६/२३, ठेगाना: जिल्ला काठमाडौं, का.म.न.पा. वडा नं. ३२
	धितोको विवरण
	१) सवारी मोडल: Jeep Compass | च्यासिस नं.: MCANJRCY6JFA31789*5J | ईन्जिन नं.: 4015393 | सवारी दर्ता नं.: बा २१ च २२६० २) नेटवर्क एसोसिएट्स प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।
	कर्जाको किसिम: व्यक्तिगत कर्जा **२) सुरेश भण्डारी** **स्थायी** ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३३, हालको ठेगाना: ललितपुर जिल्ला, हात्तिवन न.पा. वडा नं. १५, बाबु: डिल्ली राम शर्मा भण्डारी, बाजे: हुतासन भण्डारी
	जमानीकर्ता: अनिता पोखरेल, स्थायी ठेगाना: सुनसरी जिल्ला, मधेशा गा.वि.स. वडा नं. ४, हालको ठेगाना: ललितपुर जिल्ला, हात्तिवन न.पा. वडा नं. १५, बाबु : गंगा राज पोखरेल, ससुरा: डिल्ली राम शर्मा भण्डारी, पति: सुरेश भण्डारी
५)	१) ऋणी फर्म: राज मनि ट्रान्सफर, प्रोप्राईटर तथा जमानीकर्ता: मोहम्मद मामुन रसीद दर्ता नं.: वाणिज्य विभाग, वाणिज्य कार्यालय वीरगंजमा प्रा.फ.र.नं. २१३७८/०६१/६२, स्थानीय व्यापार दर्ता मिति २०६१/०६/०७, ठेगाना: जिल्ला रौतहट, गौर न.पा. वडा नं. ७
	धितोको विवरण
	१) अब्दुल रउफकी छोरी, शेख ताहिदकी बुहारी, मोहम्मद मामुन रसीदकी पत्नी रौतहट जिल्ला, जिगंडवा वेलविहवा गा.वि.स वडा नं. ७ बस्ने सहनाज बेगमको नाममा मालपोत कार्यालय रौतहट, गौरको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, गौर न.पा. वडा नं. ७ (हाल: रौतहट जिल्ला, गौर न.पा. वडा नं. ५) स्थित कित्ता नं. ३७७७ क्षे.फ. ०-०-१७$^{3/8}$ (विगाह) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत २) राज मनि ट्रान्सफरको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।
६)	**१) ऋणी फर्म: धनलक्ष्मी ज्वेलर्स,** प्रोप्राईटर तथा जमानीकर्ता: संजय कुमार साह दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, महोत्तरीमा प्रा.फ.र.नं. :५०१७/१२/०७५/७६, दर्ता मिति २०७५/०७/०८, ठेगाना: जिल्ला महोत्तरी, मटिहानी न.पा. वडा नं. ८
	धितोको विवरण
	१) विलट साह सुडीको नाती, वनई साह सुडीको छोरा, धनुषा जिल्ला, मुखियापट्टी गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, मुखियापट्टी मुसहरनिया गा.पा. वडा नं. १ बस्ने योगेन्द्र साह सुडीको नाममा भूमिसुधार तथा मालपोत कार्यालय जनकपुर धाम, धनुषाको लगतमा दर्ता कायम रहेको धनुषा जिल्ला, मु.मु. गा.वि.स. वडा नं. ६ ख (हाल मुखियापट्टी मुसहरनिया गा.पा. वडा नं. १) स्थित कित्ता नं. २८८ को क्षेत्रफल ०-४-४.५ (विगाह)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत। २) धनलक्ष्मी ज्वेलर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।
	२) कर्जाको किसिम: व्यक्तिगत कर्जा **ऋणी: संजय कुमार साह** स्थायी ठेगाना: धनुषा जिल्ला, मुखियापट्टी गा.वि.स. वडा नं. ६, हालको ठेगाना: धनुषा जिल्ला, मुखियापट्टी मुसहरनिया गा.पा. वडा नं. १, बाबु: योगेन्द्र साह सुडी, बाजे: वनई साह सुडी
	ऋणीको विवरण
७)	नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २१८३५०/७५/०७६ अन्तर्गत मिति २०७६/०३/१७ मा कम्पनी ऐन २०६३ बमोजिम दर्ता भएको काठमाण्डौं जिल्ला, कागेश्वरी मनोहरा न.पा. वडा नं. ७ स्थित **सत्य शिवम ढुवानि सेवा प्रा.लि.** **संचालक तथा जमानीकर्ता: १) श्रीराम भण्डारी २) लोक बहादुर राना**
	धितोको विवरण
	१) सवारी मोडल: TATA HCV TIPPER | च्यासिस नं.: MAT479148K3R20045 | ईन्जिन नं.: 91G63803694 | सवारी दर्ता नं.: प्र २-०३ ००१-क-०२२३ २) सवारी मोडल : TATA HCV TIPPER | च्यासिस नं.: MAT479148K3R02926 | ईन्जिन नं.: 71C63587362 | सवारी दर्ता नं.: प्र २ -०३ ००१ -क-०२२२ ३) सत्य शिवम ढुवानि सेवा प्रा.लि. को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।

नोट: ऋणी तथा संचालक बाहेक सूचनामा उल्लेखित अन्य ब्यक्तिका नाम ऋणी तथा प्रोप्राईटरको नाम परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ)।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ। शिलबन्दी बोलपत्रबाट उक्त सम्पत्ति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पत्तिको स्वामित्व बैंकले लिन सक्नेछ।
३) लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन्।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ। अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रकियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ। उल्लिखित धितो सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन। उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ।

Pokhara University
Office of the Controller of Examinations
Pokhara-30, Dhungepatan, Kaski

Notice of Intent to Award the Contract

Date of Publications: 2081/10/23

As per Section 27(2) of Public Procurement Act, 2063 of Nepal, this is to notify all the concerned bidders that it is our intention to award the following sealed Quotations as per SQN 04/2081/2082 to the following bidder selected as lowest evaluated substantially responsive bid.

SQN	Description	Selected Bidder's Name and Address	Quoted price including VAT (NRs.)
04/ 2081/2082	The Procurement of supply and delivery of approx. 9500 Tiffin Packets.	Pokhara MM Cafe and Hotel Training Institute, Pokhara-30, Kaski	Rs.13,95,442/65 (Thirteen lakhs Ninety-five thousand Four hundred Forty-two rupees and sixty-five paisa only)

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com